# सञ्चय कोष न्यूजलेटर

सुरक्षित भविष्यको लागि सञ्चय कोष

कर्मचारी सञ्चय कोष गौरवमय ५८ वर्ष प्रवेश

विशेष अंक | वर्ष ७ | अङ्क २८ | २०७६ भाद्र ३१ |


# कर्मचारी सञ्चय कोष ५८ औं वर्षमा प्रवेश



सामाजिक सुरक्षाको क्षेत्रमा कोषले आफुलाई देशको विशिष्टीकृत संस्थाको रुपमा स्थापित गर्न जरुरी छ।

**– अर्थमन्त्री डा. युवराज खतिवडा**



सञ्चयकर्ताको सन्तुष्टि नै कोषको पहिलो लक्ष्य हो।

**– अध्यक्ष शिशिर कुमार ढुंगाना**



योगदान रकमको सुरक्षित परिचालन, प्रतिफलको न्यायोचित वितरण तथा सेवा प्रवाहमा गुणात्मक सुधारको माध्यमबाट सञ्चयकर्ताको सर्वोपरी हित र सन्तुष्टिप्रति सदैव क्रियाशील रहने प्रतिवद्धता व्यक्त गर्दछु।

**– प्रशासक तुलसी प्रसाद गौतम**







***कर्मचारी सञ्चय कोष स्थापनाको ५८ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा समस्त सञ्चयकर्तामा हार्दिक शुभकामना व्यक्त गर्दै कोषले प्रदान गर्ने सेवा र सुविधालाई थप गुणस्तरीय र दिगो वनाउने प्रण गर्दछौं ।***

## सम्पादकीय

कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापना भएको कोष आज ५७ औं वर्ष पूरा गरी ५८ औं वर्षमा प्रवेश गरेको छ । सञ्चयकर्ताको बृहत्तर हित र सन्तुष्टिलाई आत्मसात् गर्दै अगाडि बढिरहेको कोष सञ्चयकर्ताको सुरक्षित भविष्यको लागि दृढ छ । अनवरतरूपमा प्रयासरत छ ।

कोष राष्ट्रसेवकहरू तथा विभिन्न संगठित संघ संस्था एवं निजी क्षेत्रका सञ्चयकर्ताको सम्झौतित बचतको रूपमा संकलित दीर्घकालिन स्रोतलाई मुलुकको आर्थिक तथा पूर्वाधार विकासमा परिचालन गर्न र सञ्चयकर्तालाई उचित प्रतिफलको अलावा विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमहरू मार्फत लाभान्वित गराउन प्रयत्नशिल रहेको छ । यस प्रयासबाट कोष सञ्चयकर्ताको आर्थिक धरोहरका रूपमा स्थापित हुन सकेको छ ।

कोषले सञ्चयकर्तालाई विभिन्न किसिमका कर्जा तथा सापटी सुविधाहरू उपलब्ध गराउदैं आएको छ भने केही सामाजिक सुरक्षाका कार्यक्रमहरू मार्फत लाभान्वित गराउदैं आएको छ । यस्ता सेवा सुविधा उपलब्ध गराउन कोषले आधुनिक प्रविधिको प्रयोग गर्दै आएको छ र यसमा निरन्तर सुधारको योजना समेत बनाएको छ ।

कोषको कुल स्रोतको करिब ५३ प्रतिशत स्रोतलाई सञ्चयकर्ताको हितमा विभिन्न कर्जा तथा सापटी शीर्षकहरूमा प्रवाह गरेको छ भने सामाजिक सुरक्षाका कार्यक्रम अन्तर्गत काजकृया खर्च, औषधोपचार खर्च, दुर्घटना क्षतिपूर्ति, सुत्केरी तथा शिशु स्याहार योजनाहरू विगत लामो समय देखि सञ्चालन गर्दै आएको छ । कोषले सञ्चयकर्ताको स्वास्थ्य उपचारमा सहयोग गर्ने उद्देश्यले आर्थिक वर्ष २०७५/७६ देखि सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बिमा योजना सञ्चालनमा ल्याएको छ । यस योजना अन्तर्गत सञ्चयकर्ताले सामान्य रोगको उपचारको लागि रू. १ लाखसम्म र घातक रोगको लागि रू. १० लाखसम्म उपचार खर्च पाउने व्यबस्था रहेको छ ।

कोषको योगदानको मूल्याङ्कनको कदर गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६ श्रावण १६ को निर्णयवाट सरकारी कर्मचारीका लागि योगदानमूक निवृत्तभरण प्रणाली सञ्चालन गर्ने जिम्मेवारी कोषलाई प्रदान गरिएको छ । सञ्चय कोष योजना सञ्चालन गर्दै आएको कोषले योगदानमूलक निवृत्तभरण प्रणालीको कुशलतापूर्वक सञ्चालनमा सफलता हासिल गर्ने विश्वास लिइएको छ ।

५८ औं वर्षको ईतिहास बोकेको कोषलाई आजको दिनसम्म ल्याउन अमूल्य योगदान पुऱ्याउने नेपाल सरकार, सञ्चयकर्ता, पूर्व कर्मचारी एवं सम्पूर्ण शुभचिन्तकहरूमा कोष परिवार कृतज्ञता प्रकट गर्दछ । साथै आर्थिक वर्ष २०७५/७६ मा भएका कोषका गतिविधिहरूलाई समावेश गरी सम्वद्ध सबैको जानकारीका लागि यो विशेष अंक प्रकाशन गरिएको छ ।

## सामाजिक सुरक्षाको क्षेत्रमा कोषलाई विशिष्टीकृत संस्थाको रूपमा स्थापित गर्न जरूरी: अर्थमन्त्री



कोषको ५८ औं वार्षिकोत्सवको उपलक्ष्यमा अर्थ मन्त्रि डा. युवराज खतिवडाले कोष परिवारमा थप उर्जा प्राप्त भई कोषको संस्थागत सुदृढीकरणद्वारा सञ्चयकर्ता सेवालाई प्रभावकारी, परिणाममुखी र विश्वासनीय बनाउन उत्प्रेरित गरोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले नयाँ नियुक्त हुने सरकारी कर्मचारीका लागि सरकारले लागू गरेको योगदानमा आधारित निवृत्तभरण प्रणालीको व्यवस्थापनको जिम्मेवारी कर्मचारी सञ्चय कोषमा आएको हुँदा कोषले जनशक्तिको विकास, प्रविधिको उच्चतम प्रयोग तथा सुशासनमा सुधार गरेर नयाँ जिम्मेवारीलाई प्रभावकारीताका साथ वहन गर्दै सामाजिक सुरक्षाको क्षेत्रमा देशको एउटा विशिष्टीकृत संस्थाको रूपमा आफुलाई स्थापित गर्न जरूरी छ भन्ने सन्देश दिनुभयो ।

मुलुकको वित्तीय स्रोतमा भईरहेको उल्लेख्य वृद्धि, कारोवारको प्रकृतिमा आएको विविधता र सूचना तथा सञ्चार प्रविधि प्रतिको वढ्दो निर्भरतासँगै वित्तीय प्रणालीमा जोखिम समेत वढी रहेको सन्दर्भ उल्लेख गर्दै वित्तीय स्रोतको व्यवस्थापन र सञ्चयकर्ताको सेवाको दृष्टिकोणबाट कोषका गतिविधि सन्तोषजनक रूपमा अघि बढिरहेको भएता पनि संस्थागत सुशासन तथा जोखिम व्यवस्थापनको क्षेत्रमा कोषले थप सुधार गर्नुपर्ने विषयमा जोड दिनुभयो ।

## सञ्चयकर्ताको सन्तुष्टि नै कोषको पहिलो लक्ष्य हो: अध्यक्ष ढुंगाना



सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री शिशिर कुमार ढुंगानाले कोषको ५८ औं वार्षिकोत्सवको अवसरमा सचयकर्ता, कर्मचारी लगायत सम्वद्ध सवैमा शुभकामना व्यक्त गर्नुभयो । शुभकामना मन्तव्यमा अध्यक्ष ढुंगानाले भन्नुभयो, "संघीय शासन प्रणाली अन्तर्गत भएको निर्वाचन पछि मुलुकले राजनीतिक स्थिरता पाएको छ । वर्तमान सरकारले राखेको "सम्र्बद्ध नेपाल, सुखी नेपाली" को अभिष्टलाई मूर्तरूप प्रदान गर्न सबै क्षेत्रबाट प्रतिवद्धता व्यक्त भएको छ । सन् २०३० सम्ममा दीगो लक्ष्य प्राप्तिका लागि दीगो एवम् उच्च आर्थिक बृद्धिको आवश्यकता पर्ने र यसका लागि ठूलो परिमाणमाको वित्तीय स्रोत चाहिने सन्दर्भमा कर्मचारी सञ्चय कोष जस्तो दीर्घकालीन पुँजीलाई सञ्चयकर्ताको हित सुनिश्चित हुनेगरी राष्ट्र निर्माणका क्षेत्रमा परिचालन गर्न कोषको सञ्चालक समिति सदैव प्रतिवद्ध रहेको छ ।"

उहाँले भन्नुभयो, "कर्मचारी सञ्चय कोषको विगतको इतिहास गर्व गर्न लायक छ । तथापि, जोखिम व्यवस्थापन तथा वित्तीय स्रोतको दीगो व्यवस्थापनका सन्दर्भमा कोषको सामु चुनौतीहरू पनि रहेका छन् । कोष व्यवस्थापनको सक्रियता, सञ्चालक समितिको गतिशीलता एवम् सरोकारवालाहरूको सहयोग र सद्भावबाट त्यस्ता चुनौतीहरूलाई सम्बोधन गरी कोषलाई थप सुदृढ र विश्वशनीय रूपमा विकास गर्न हामी सफल हुनेछौं भन्ने मैले विश्वास लिएको छु ।"

उहाँले सञ्चयकर्ताको सन्तुष्टि नै कोषको पहिलो लक्ष्य हो । वित्तीय स्रोतको समूचित परिचालन तथा लगानीबाट प्राप्त हुने प्रतिफलको समन्यायिक वितरणको माध्यमबाट मात्र सञ्चयकर्ताका स्वभाविक अपेक्षालाई सम्बोधन गर्न सकिन्छ भन्ने तथ्य प्रति कोष विश्वस्त रहेको छ । कोषले गतवर्ष कार्यान्वयनमा ल्याएको सञ्चयकर्ता स्वास्थ्य बीमा योजना तथा अन्य सुविधाहरूको पुनरावलोकन तथा सुधार सोही लक्ष्यबाट निर्देशित छन् भन्नुभयो ।

उहाँले थप भन्नुभयो, "सूचना प्रविधिको गुणात्मक प्रयोगको माध्यमबाट कोषको सेवालाई अझ वढी प्रभावकारी, मितव्ययी र विश्वासनीय बनाउन थप प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । समग्रमा सन्तुष्ट ग्राहक, चुस्त र मितव्ययी संरचना, गतिशील र सक्षम नेतृत्व, स्व-उत्प्रेरित र अनुशासित कर्मचारी, पारदर्शि र वैज्ञानिक कार्यप्रणाली सफल संगठनका आधारभूत तत्वहरू हुन् । यसतर्फ थप अग्रसरता लिनु हामी सवैको कर्तव्य हो ।"

## योगदानमूलक निवृत्तभरण प्रणालीको व्यवस्थापन गर्ने जिम्मा सञ्चय कोषलाई



नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६ श्रावण १६ गतेको निर्णयले सरकारी कर्मचारीको योगदानमूलक निवृत्तभरण प्रणाली व्यवस्थापन गर्ने जिम्मा कर्मचारी सञ्चय कोषलाई प्रदान गरेको छ । निवृत्तभरण कोष ऐन, २०७५ अनुसार यो योजना योगदानमा आधारित हुनेछ र योजना निजामती सेवा, नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी वल, नेपाल र नेपाल विशेष सेवाका स्थायी कर्मचारीहरूको हकमा लागु हुनेछ ।

सरकारी कर्मचारीको मासिक तलबबाट ६ प्रतिशत र सोही अनुपातमा सरकारले जम्मा गरिदिने रकम कोषमा मासिक रूपले जम्मा हुने व्यवस्था छ । अवकाश प्राप्त राष्ट्रसेवक कर्मचारीको निवृत्तभरणका लागि वार्षिक रूपमा ठूलो धनराशी खर्च हुने र यस्तो खर्च रकम वार्षिक रूपमा वृद्धि हुदैं गएकाले त्यसलाई कम गर्नका लागि सरकारद्वारा योगदानमूलक निवृत्तभरण प्रणाली कार्यान्वयन गर्न लागेको हो ।

योजना अनुसार सेवा अवधि २० वर्ष वा सो भन्दा वढी भएका कर्मचारीहरूले अवकाश पश्चात आजीवन मासिक रूपमा निवृत्तभरण पाउनेछन् । मासिक निवृत्तभरण प्रदान गर्दा कर्मचारीको अन्तिम तलव रकमलाई सेवा अवधिले गुणन गरी ५० ले भाग गरिनेछ र प्रत्येक ३ वर्षमा निवृत्तभरण रकम १० प्रतिशतका दरले वढीमा ५ पटक सम्म वढ्ने व्यवस्था गरिएको छ । २० वर्ष सेवा अवधि पूरा नहुँदै सेवावाट अवकाश भएमा कोषमा जम्मा भएको रकम, ब्याज रकम र मुनाफा रकम एकमुष्ठ भुक्तानी पाउने छ ।

कर्मचारी सञ्चय कोषले नेपाल सरकारको निर्णयानुसार योजनाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक तयारी पुरा गरिसकेको छ । कोषको निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभागले यससम्बन्धी सम्पूर्ण कार्य गर्ने गरी व्यवस्था मिलाईएको छ । योजनामा सहभागी हुने प्रक्रिया, परिचयपत्र लिने प्रक्रिया, रकम जम्मा गर्ने प्रक्रिया लगायतका कार्यहरूसम्बन्धी जानकारी कोषका कार्यालयहरू तथा कोषको वेवसाईटबाट प्राप्त गर्न सकिनेछ ।

# विभिन्न कार्यक्रममा कोष प्रशासकको सहभागिता




**कोषका प्रशासका श्री तुलसी प्रसाद गौतम**
The Path to Universal Social Protection in Nepal: The Role of Integration and Harmonization **सम्बन्धी विषयमा काठमाण्डौमा जुलाई २२, २०१९ मा सम्पन्न भएको सम्मेलनमा** Panel Discussion **मा सहभागी हुँदै ।**





**कोषका प्रशासका श्री तुलसी प्रसाद गौतम**
Kuala Lumpur, Malaysia मा ISSA Regional Social Security Forum For Asia and the Pacific
**ले २-४ अक्टोवर, २०१८ सम्बन्धित सेशन चेयर गर्दै र सम्बन्धित प्यानालिष्टहरूसँग तस्विर लिदैं ।**

कोषका प्रशासक तुलसी प्रसाद गौतम र मुख्य प्रवन्धक विष्णु पौडेल थाईल्याण्डको बैंककमा १४-१८ जनवरी, २०१९ आयोजना भएको च्यालेन्ज अ रिफर्म अप्सन इन साउथ एशियन पब्लिक सर्विस पेन्सन स्किम एण्ड शोसल इन्स्योरेन्स डेलिभरी सिस्टम विषयक कार्यक्रममा सहभागी हुनु भएको छ । प्रशासक गौतमले रिफर्म अप्सन अन्डर कन्सिडरेसन इन नेपाल एण्ड मोडर्नाइजिंग इन्फरमेशन सिस्टम इन नेपाल विषयमा स्पीकरका हैसियतले कार्यक्रमलाई सम्बोधन समेत गर्नु भएको थियो ।

त्यस्तै नेदरल्याण्ड्सको राजधानी हेगमा ३१ अक्टोवर-१ नोभेम्वर, २०१८ मा भएको 9th annual World Pension Summit मा कोषका सञ्चालक प्रा. डा. डिल्लीराज शर्मा र प्रशासक तुलसी प्रसाद गौतम सहभागी हुनु भएको थियो ।

# सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बिमा योजना शुरु

कर्मचारी सञ्चय कोष र राष्ट्रिय बिमा कम्पनीबीच कोषको सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बिमायोजना सञ्चालनसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। मिति २०७५ कार्तिक २८ मा कोषका प्रशासक र बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो। बिमा योजना २०७५ मङ्सिर १ गतेदेखि लागू भएको छ। कोषमा नियमित कोषकट्टी गरेका सञ्चयकर्ताले बिरामी हुँदा साधारण रोगको औषधोपचारका लागि रु. एक लाखसम्म र घातक रोगको उपचारका लागि रु. १० लाखसम्म सोधभर्ना प्राप्त गर्नेछन्।

योजनाले कोषमा नियमित कोषकट्टी रकम जम्मा गर्ने सञ्चयकर्ताका अतिरिक्त उमेर हद वा पदाबीधका कारण अवकाश भई सो मितिले छ वर्षसम्म कोषबाट भुक्तानी नलिएका सञ्चयकर्तालाई समेत समेटेको छ।

घातक रोगको उपचारका लागि भएको वास्तविक खर्च वा रु. १० लाख रुपैयाँमध्ये कम हुन आउने रकम प्रदान गरिने छ। सम्झौतामा हृदयाघात, मिर्गौला खराबी, अर्बुद्ध, अल्जाइमर, पार्किङ्सन, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया र कलेजो रोगलाई घातक रोग मानिएको छ।

त्यस्तै बिमा अवधिमा अधिकतम रु. १ लाखमा नबढ्ने गरी न्यूनतम रु तीन हजार वा बास्तविक खर्चको १५ प्रतिशत कट्टा गरी एकै पटकमा वा पटकपटक गरी रु ३० हजारसा नबढ्ने गरी सर्जन वा एनेस्थियाटिष्टको दस्तुर तथा शल्यक्रिया कक्षको शुल्कबापतको खर्च सञ्चयकर्तालाई प्रदान गरिने व्यवस्था रहेकोछ।

सहमतिअनुसार एक वर्षमा अधिकतम् रु २० हजार (एक पटकको उपचारमा रु १० हजारसम्म) चिकित्सकको जाँच शुल्क, एक्सरे वा विशेषज्ञ सेवाशुल्क वा प्याथोलोजिस्ट शुल्क वा रोग निदान उपकरण शुल्क प्रदान गरिनेछ। अस्पतालमा भर्ना शुल्क प्रतिदिन रु. दुई हजारमा नबढ्ने गरी एक वर्षमा रु २५ हजारसम्म उपलब्ध गराइने छ। सर्जिकल सामग्री खरिदको लागि एक वर्षमा अधिकतम जम्मा रु. आठ हजार, एक पटकमा रु पाँच हजार नबढ्ने गरी अधिकतम् रु १५ हजारसम्मको औषधि खरिद खर्च सञ्चयकर्ताले पाउने गरी परिमार्जन गरिएको छ।

मिति २०७६ भाद्र २६ सम्ममा योजना अन्तर्गत साधारण औषधोपचार तर्फ १४९५ जना सञ्चयकर्ताले र घातक रोग तर्फ ८४ जना सञ्चयकर्ताले उपचार रकमको सोधभर्ना दाबी गरेकोमा सो अवधिमा साधारण औषधोपचार तर्फ ८२३ जना सञ्चयकर्तालाई रु. ३ करोड ५ लाख र घातक रोगको उपचारतर्फ ३० जना सञ्चयतर्कालाई रु.८१ लाख ७० हजार सुविधाको रकम सोधभर्ना गरिएको छ र बाँकी सञ्चयकर्ताको दाबी भुक्तान प्रक्रियामा रहेको छ। यस योजनामा सञ्चयकर्ताको सहभागिता वृद्धि हुँदै गएको देखिएको छ।

कोषले योजनाको उपदेयता, सञ्चयकर्ता तथा सम्वद्ध पक्षहरुको सुझावका आधारमा योजनालाई प्रभावकारी रुपमा सञ्चालन गर्न थप परिमार्जन सहित अघि वढ्ने योजना बनाएको छ।

# मुनाफा रकम वितरण




कोषको खुद मुनाफा ३ अर्ब ९४ करोड ७ लाख ३९ हजार ४३६ रुपैयाँ मध्ये २ अर्ब ७५ करोड ८५ लाख १७ हजार ६०५ रुपैयाँ मुनाफा बाँडफाँड कोषमा जम्मा गरिएको छ। उक्त रकमबाट सञ्चयकर्तालाई आर्थिक वर्ष २०७४/७५ को सुरु सञ्चय कोष मौज्दातमा १.१० प्रतिशत (गत वर्ष ०.७५) प्रतिशत रकम मुनाफा वितरण गरिने छ। उक्त मुनाफा रकमलाई आर्थिक वर्ष २०७४/७५ को शुरु सञ्चय कोष मौज्दातको ०.५५ प्रतिशत रकम सञ्चयकर्ताको सञ्चय कोष कट्टी खातामा जम्मा गर्ने र ०.५५ प्रतिशत रकम सञ्चयकर्ताको नाममा बेतन कर्णाली सञ्चयकर्ता हाइड्रो कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने व्यवस्था गरिएको छ।

## आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा सुविधा वितरण

कोषले आर्थिक वर्ष २०७५/७६ मा सामाजिक सुरक्षा सुविधा अन्तर्गत कुल २१,००१ जना सञ्चयकर्तालाई रु. १९ करोड ९७ लाख ३२ हजार १ सय ८८ प्रदान गरेको छ। जसमा सुत्केरी तथा शिशु स्याहार खर्च वापत १९,९४६ जना सञ्चयकर्तालाई रु. १४ करोड ९५ लाख ९५ हजार, काजक्रिया अनुदान अन्तर्गत ७९४ जनालाई रु. २ करोड ७५ लाख २८ हजार, दुर्घटना क्षतिपूर्ति अन्तर्गत १४१ जना सञ्चयकर्तालाई रु. १ करोड ९५ लाख ५० हजार र सञ्चयकर्ता औषधोपचार खर्च अन्तर्गत ११९ सञ्चयकर्तालाई रु. ३० लाख ५९ हजार १ सय ८८ रकम प्रदान गरिएको छ।

# विभागीय प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता



कोषका प्रशासक र विभागीय प्रमुखहरुबीच मिति २०७६ भाद्र १६ गते कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। आर्थिक वर्ष २०७६/७७ का लागि कोषका ११ वटा विभागका विभागीय प्रमुखहरुबीच सम्पन्न भएको उक्त कार्यसम्पादन सम्झौतामा विभागले सम्पादन गर्नुपर्ने कार्य, सम्पादनको लक्ष्य, विभागको अधिकार, अनुगमन तथा मूल्याङ्कन मापदण्ड, मुल्याङ्कनका आधार, प्रोत्साहनको व्यवस्था जस्ता विषयहरु समावेश गरिएको छ।

मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभागका विभागीय प्रमुख ओमकृष्ण श्रेष्ठ, निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा विभाग र योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख जीवन कुमार कट्वाल, भवन तथा आवास व्यवस्थापन विभागका विभागीय प्रमुख भरत राज वस्ती, कर्जा, लगानी तथा ट्रेजरी व्यवस्थापन विभागका विभागीय प्रमुख अर्जुन कुमार गौतम, सूचना प्रविधि विभागका विभागीय प्रमुख रोचन श्रेष्ठ, लेखा परीक्षण विभागका विभागीय प्रमुख राजाराम श्रेष्ठ, सञ्चयकर्ता कर्जा विभागका विभागीय प्रमुख विजय कुमार श्रेष्ठ, आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारी, सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख ध्रुव भट्टराई र कोष व्यवस्थापन विभागका विभागीय प्रमुख दिनेश कुमार केसीसँग सम्झौता भएको हो।

सो सम्झौतामा सम्बन्धित विभागको मासिक कार्य प्रगति विवरणको अनुगमन तथा मुल्याङ्कन गर्न कोषका प्रशासकको अध्यक्षतामा सहप्रशासक दुई जना, मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभागका विभागीय प्रमुख र योजना, अनुगमन तथा मुल्याङ्कन विभागका विभागीय प्रमुख सदस्य रहेको एक समितिको रहने व्यवस्था गरिएको छ।

# ३ खर्ब ४६ अर्ब रूपैयाँ रकम परिचालन

देशको सबैभन्दा ठूलो वित्तिय स्रोत परिचालन गर्ने संस्थाको रुपमा स्थापित भईसकेको कोषले आर्थिक वर्ष २०७५/७६ सम्ममा रु. ३ खर्व ४६ अर्व रकम परिचालन गरेको छ।

लेखापरीक्षण हुन बाँकी वासलात अनुसार सो अवधिमा कोषमा कुल स्रोत रु. ३ खर्व ४६ अर्व जम्मा भएको छ। सो मध्ये सञ्चय कोषका रुपमा रु. ३ खर्व १० अर्व, जगेडा कोषमा रु. ३१ अर्व र अन्य दायित्व तथा व्यवस्थाहरुमा रु. ५ अर्व जम्मा रहेको छ। कोषको कुल स्रोत आर्थिक वर्ष २०७४/७५ सम्ममा रु. ३ खर्व १२ अर्व रहेको थियो।

कोषको कुल स्रोत मध्ये करीव ९८ प्रतिशत स्रोतलाई विभिन्न आयमूलक क्षेत्रहरुमा लगानी गरिएको छ भने बाँकी २ प्रतिशत स्रोत कोषको विविध सम्पत्ति तथा बैंक मौज्दातका रुपमा रहेको छ। कुल स्रोतको करिब ५२ प्रतिशत सञ्चयकर्ता सापटीहरुमा, करीव २३ प्रतिशत विभिन्न वैंकको मुद्दती निक्षेपमा, करिब १५ प्रतिशत विभिन्न परियोजनाहरुमा, करिब ७.५ प्रतिशत रकम विभिन्न वैंक तथा वित्तीय संस्थाहरुको शेयर लगानीमा र बाँकी ०.५ प्रतिशत रकम सरकारी ऋणपत्र र अन्य लगानीमा परिचालन गरिएको छ

कोषले आर्थिक वर्ष २०७५/७६ मा न्यून प्रतिफल रहेको रु. १२ अर्ब ९५ करोडको सरकारी ऋणपत्रहरु बैंक तथा वित्तीय संस्थालाई विक्री गरी मुद्दति निक्षेपमा लगानी गरिएको, अपर तामाकोशी हाईड्रो कम्पनीलाई २ अर्ब (स्वीकृत अल्पकालीन कर्जा रु ३ अर्ब), रसुवागढीलाई रु. १० करोड, मध्य भोटेकोशीलाई रु. १५ करोड र नेपाल वायुसेवा निगमलाई रु.६० करोडको चक्रकर्जा समेत गरी जम्मा रु. २ अरब ८५ करोड कर्जा प्रवाह भएको, बाणिज्य बैंकहरुको संस्थापक तथा साधारण शेयरमा थप लगानी गरिएको, असुल हुन बाँकी रहेका परियोजना कर्जाहरुको असुलीलाई थप प्रभावकारी बनाईएको, सञ्चयकर्ता विशेष सापटीको सिमा ९० प्रतिशतलाई घटाई ८० प्रतिशत कायम गरिएको,सञ्चयकर्ता कर्जा असुलीलाई प्रभावकारी बनाउन प्रचारात्मक, प्रोत्साहनमुलक तथा प्रकृयागत सुधारका कार्यक्रमहरु सञ्चालन गरिएको छ।

# शाखा कार्यालय प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता



कोषका प्रशासक र शाखा कार्यालय प्रमुखहरुबीच मिति २०७६ भाद्र १६ गते कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ। आर्थिक वर्ष २०७६/७७ का लागि कोषका उपत्यका वाहिरका ८ वटा शाखा कार्यालय र एक सेवा केन्द्रका प्रमुखबीच सम्पन्न भएको उक्त कार्यसम्पादन सम्झौतामा शाखा कार्यालयले सम्पादन गर्नुपर्ने कार्य, सम्पादनको लक्ष्य, शाखा कार्यालयको अधिकार, अनुगमन तथा मूल्याङ्कन मापदण्ड, मुल्याङ्कनका आधार, प्रोत्साहनको व्यवस्था जस्ता विषयहरु समावेश गरिएको छ।

शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख सुवाश खड्का, शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख सागर कुमार सिंह, शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख रमेश चन्द्र बेलबासे, शाखा कार्यालय पोखराका कार्यालय प्रमुख दिलिपराज पौडेल, शाखा कार्यालय विराटनगरका कार्यालय प्रमुख तेज प्रसाद खनाल, शाखा कार्यालय कोहलपुरका कार्यालय प्रमुख कमल अर्याल, शाखा कार्यालय सुर्खेतका कार्यालय प्रमुख अर्जुन निरौला, शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख ध्रुव पन्त र सेवाकेन्द्र धनकुटाका प्रमुख डिल्लीप्रसाद अधिकारीसँग संझौता भएको हो।

कार्यसम्पादन सम्झौताको मुल्याङ्कन सूचकका रुपमा सञ्चयकर्ता व्यक्तिगत विवरण अद्यावीधक गर्ने, घरसापटीको ब्याज असुली गर्ने, डाटा ईन्ट्री गर्ने, विद्युतीय माध्यमवाट फाँटवारी संकलन गर्ने लगायत सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया, खाता एकीकरण जस्ता कायक्रमहरुलाई समावश गरिएका छन्।

# एस.एम.एस. अलर्ट सेवा शुरू



कर्मचारी सञ्चय कोषले २०७५ पौषबाट संचयकर्ता कर्मचारीहरुको कोषकट्टी फाँटवारी जम्मा, बिशेष सापटी भुक्तानी तथा बैङ्क दाखिला, घर सापटी, शैक्षिक सापटी, सरलचक्र कर्जा, घरसर्मत सापटीको कर्जा प्रवाह लगायत बैङ्क दाखिला समेतको जानकारी सम्बन्धित संचयकर्ताहरुलाई दिनको लागि SMS Alert सेवा शुरु गरेको छ। यस सेवाको प्रयोगद्वारा कोषमा रहेको संचयकर्ताको खाताबाट रकम झिक्दा वा बुझाएको जानकारी सम्बन्धित संचयकर्ताको मोवाइलमा प्राप्त हुनेछ। यस सेवाबाट लाभान्वित हुन सम्बन्धित संचयकर्ताले आफ्नो ब्यक्तिगत बिवरण (KYC) अद्यावीधक गर्नुपर्नेछ।

# बेतन कर्णाली हाइड्रोपावर आयोजनाको कार्य प्रगति



कोषको नवौं संशोधित ऐनले पूर्वाधारमा लगानी गर्ने बाटो खुला गरेपछि जलविद्युत आयोजना निर्माण गर्ने र सञ्चयकर्तालाई शेयरमा लगानी गर्ने वातावरण वनाउने लक्ष्य अनुरुप कोषले २०७४ वैशाख २४ गते वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनीलाई कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराएको थियो।

कम्पनीको अधिकृत पुँजी २० अर्व रुपैयाँ रहेको छ भने जारी पुँजी १० अर्व रुपैयाँ रहेको छ। प्रवन्धपत्र अनुसार कम्पनीको सेयर संरचना कर्मचारी सञ्चय कोषको १५ प्रतिशत, नेपाल विद्युत प्राधिकरणको १० प्रतिशत, विद्युत उत्पादन कम्पनीको १० प्रतिशत, कोषमा आवद्ध सञ्चयकर्ताको ४० प्रतिशत गरी ७५ प्रतिशत, सर्वसाधारणको १३ प्रतिशत, आयोजना प्रभावित क्षेत्रका बासिन्दा १० प्रतिशत र अति विपन्न परिवार गरी २ प्रतिशतको सेयर संरचना रहेको छ।

बेतन कर्णालीद्वारा उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाइन मार्फत वितरण गर्ने सम्बन्धमा बेतन कर्णाली हाइड्रो कम्पनी लि. ले राष्ट्रिय प्रसारण ग्रिड कम्पनीसँग २०७४ पुष १२ गते विद्युत वितरण सम्झौता गरेको थियो भने बेतन कर्णाली हाइड्रोपावर आयोजनाको लागि थप वित्तीय स्रोत जुटाउने विषयमा कर्मचारी सञ्चय कोष, नबिल बैंक लि. र नेपाल एसबिआई बैंक लि. बीच बैंकि□सहवित्तीयकरण मार्फत ऋण व्यवस्थापन गर्ने सहमतिपत्रमा मिति २०७४ चैत्र २९ गते हस्ताक्षर भएको थियो। यसबाट औपचारिक रुपमै आयोजनाको ऋण व्यवस्थापन कार्य अघि बढेको थियो।

हाल वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनीले आयोजनाको विस्तृत अध्ययन कार्य (DPR) अगाडी वढाईरहेको छ र निकट भविष्यमा सो कार्य सम्पन्न भई आयोजनाको निर्माण कार्य प्रक्रिया अघि वढ्ने विश्वास लिइएको छ। आर्थिक वर्ष २०७५/७६ सम्ममा करिब रु. ४ अर्व ४७ करोड रकम जम्मा भएको छ।

## विद्युतीय हाजिरी प्रणाली सबै कोष कार्यालयहरुमा लागू




कर्मचारी सञ्चय कोषका सम्पूर्ण कार्यालयहरुमा विद्युतीय हाजिर लागू गरिएको छ। शुरुमा कर्मचारी सञ्चय कोषको पुल्चोक, ठमेल र सिंहदरबार स्थित कार्यालयहरुमा २०७५ मंसिर २ गतेदेखि आंशिकरुपमा शुरु भएको विद्युतीय हाजिरी प्रणाली हाल कोषका सम्पूर्ण कार्यालयहरुमा पूर्णरुपमा लागू भएको छ। विद्युतीय हाजिरी प्रणालीलाई थप परिमार्जन र व्यवस्थित रुपमा लागू गर्न नयाँ हाजिरी प्रणाली लागू भएको हो।

कोषका कर्मचारीहरुको म्यानुअल हाजिरी प्रणालीलाई पूर्णरुपमा प्रतिस्थापन गरी हाजिरीलाई व्यवस्थित बनाउन एवं कार्यालयको कामप्रति कर्मचारीलाई जिम्मेवार र जवाफदेही बनाउने उद्देश्यले विद्युतीय हाजिरी प्रणाली लागू गरिएको हो।

# ५८ वर्ष प्रवेशको अवसरमा खेलकुद प्रतियोगिता सञ्चालन

कोषको ५८ औं वार्षिकोत्सवलाई हर्षोल्लासपूर्ण रुपमा मनाउने सिलसिलामा कोषको खेलकुद समितिले विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु सञ्चालन गरेको छ। कोषमा कार्यरत कर्मचारीहरुबीच आपसी सम्बन्ध एवं सहकार्यको भावना अभिवृद्धि गर्ने उद्देश्यले यहि २०७६ भाद्र २० देखि शुरु भएको खेलकुदका कार्यक्रमहरु भाद्र २८ सम्म सञ्चालन भएका थिए।

कोषको वार्षिक उत्सवलाई भव्यताका साथ मनाउने क्रममा आयोजना भएका खेलकुदका कार्यक्रमहरुमा हाजिरी जवाफ, दौड, टेवलटेनिस, फुटसल लगायतका खेलहरु समावेश भएका थिए। खेलहरु पुल्चोक एवं ठमेलस्थित कोषको कार्यालय परिसर तथा शाखा कार्यालयहरुमा सञ्चालन गरिएको थियो। विभिन्न चरणका खेलमा महिला, पुरुष कर्मचारीहरुको उल्लेखनीय सहभागिता रहेको थियो भने उच्च व्यवस्थापन समूहलाई समेत दुई समूहमा विभाजन गरी मैत्रीपूर्ण फुटसल खेल सञ्चालन गरिएको थियो। खेलकुद प्रतियोगितामा विजयी खेलाडीहरुलाई प्रमाणपत्र सहित पुरस्कृत गरियो।











## कोषको अध्यक्षमा ढुंगाना पुनर्नियुक्त



नेपाल सरकार (माननीय मन्त्रीस्तरीय) को मिति २०७५/०९/२९ को निर्णय अनुसार नेपाल सरकारका सचिव श्री शिशिर कुमार ढुंगानालाई कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको अध्यक्ष पदमा पुनर्नियुक्त गरिएको छ।

## पोखरेल कोष सञ्चालकमा नियुक्त



नेपाल सरकार (माननीय मन्त्रीस्तरीय) को मिति २०७६/०३/२७ को निर्णय अनुसार कर्मचारी संचय कोष ऐन २०१९ को दफा ४(२) खण्ड (ख) वमोजिम नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक श्री महेन्द्र कुमार पोखरेल कोषको संचालक समितिको सदस्यमा नियुक्त हुनु भएको छ। नवनियुक्त संचालकलाई कोष संचालक समितिका अध्यक्ष श्री शिशिर कुमार ढुंगानावाट स्वागत गरिएको छ।

## कोष सञ्चालकमा ढकाल नियुक्त



नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७६/०४/०७ को निर्णय अनुसार कर्मचारी सञ्चय कोष ऐन २०१९ को दफा ४ (२) को खण्ड (ख) बमोजिम नेपाली सेनाको तर्फबाट कोषको सञ्चालकमा सहायक रथी श्री शरद ढकाल मनोनयन हुनु भएको छ।

# कोषमा अन-लाईन पेमेन्टको शुरुवात



सञ्चयकर्तालाई सहज र प्रभावकारी ढंगबाट सेवा प्रवाह गर्ने मूल ध्येयका साथ मिति २०७६ श्रावण ६ गतेदेखि कोषले प्रदान गर्ने कर्जा सोझै सञ्चयकर्ताको खातामा जम्मा हुने व्यवस्था DTA (Direct To Account ) भुक्तानी प्रणालीको शुरुवात गरेको छ। हाललाई कोषले NCHL को सहयोगमा धितोमा आधारित संचयकर्ता कर्जाको भुक्तानी यो प्रणालीवाट गर्ने व्यवस्था शुरु गरेको हो।

अन-लाईन पेमेन्टको थालनी कोषका प्रशासक तुलसीप्रसाद गौतम, एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधान लगायत दुबै संस्थाका प्रतिनिधिहरुको उपस्तिथिमा गरिएको थियो। कोषले स्वीकृत भएको धितोमा आधारित कर्जाको भुक्तानी हालको लागि हिमालयन बैंक तथा एनएमबि बैंक मार्फत गर्ने भएको छ। सञ्चयकर्ताले कोषमा आफ्नो बैंक खाता अपडेट गराएमा कोषबाट स्वीकृत रकम नेपाल क्लियरिङ्ग हाउसमा आवद्ध सदस्य बैंक तथा वित्तीय संस्थाहरुमा रहेको संचयकर्ताको खातामा रकम सोझै जम्मा गरिने छ।

यसवाट संचयकर्ता रकम प्राप्त गर्नका लागि बैंक तथा कोषको कार्यालयमा जानु नपर्ने भएको छ। यसरी जम्मा हुने रकम मध्ये दश लाखसम्मको रकम कनेक्ट आईपीएस मार्फत रियल टाइममा जम्मा हुनेछ भने सोभन्दा माथिको रकम एनसीएचएल-आईपीएस मार्फत सेटलमेन्ट पश्चात् सोहि दिन वा अर्को दिन भुक्तानी गरिने व्यवस्था रहेको छ।

हाललाई धितोमा आधारित कर्जामा मात्र लागू भएपनि निकट भविष्यमा अन्य सापटी एवं भुक्तानीलाई पनि अनलाईन बाटै गरिने लक्ष्य राखिएको छ।

## प्राध्यापक भट्टराई सञ्चालक नियुक्त



नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७६/४/१३ को निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम कोषको सञ्चालकमा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. जीवन कुमार भट्टराई नियुक्त हुनु भएको छ।

**सुरक्षित भविष्यको लागि सञ्चय कोष**

# वार्षिक कार्यक्रम तथा बजेटः समीक्षा एवं छलफल सम्पन्न



योजना अनुगमन तथा जोखिम व्यवस्थापन विभाग तथा आर्थिक प्रशासन विभागको आयोजनामा कोषको आ.व. २०७५/७६ को वार्षिक कार्यक्रम तथा बजेट समीक्षा तथा २०७६/७७ को प्रारम्भिक छलफल कार्यक्रम बुटवलमा सम्पन्न भयो। मिति २०७६ जेष्ठ ३ गते देखि ५ गते सम्म चलेको छलफल कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्ने क्रममा कोषका प्रशासक श्री तुलसी प्रसाद गौतमले कोषका नियमित तथा विशेष कार्यक्रमलाई सुव्यवस्थित गर्दै पारदर्शी तथा सबै कर्मचारीले अपनत्व गर्न सक्ने गरी तय गर्न निर्देशन दिनुभयो। साथै, गौतमले कोषको प्रत्येक कार्यक्रमले कार्यरत कर्मचारी तथा सञ्चयकर्ताको सेवा सुबिधामा अभिवृद्धिका लागि गर्नुपर्ने प्रयासमा छलफल केन्द्रित गर्न अनुरोध गर्नुभयो र कार्यक्रम तथा बजेट तय गर्दा यथार्थपरक, पुर्वाधारका योजना समेत सम्पन्न गर्न सक्ने र सिमित स्रोतको प्रभावकारी उपयोग हुने गरी छलफलका निष्कर्षहरु आउने विश्वास समेत व्यक्त गर्नुभयो।

कोषका सह-प्रशासक राजेन्द्र काफ्लेले कोषको भावी कार्यदिशा तय गर्ने क्रममा यस कार्यक्रमको आवश्यकता तथा भूमिका स्पष्ट गर्दै कोषको कार्य सञ्चालनमा शाखा कार्यालयहरुको योगदानको तथ्यांक प्रस्तुत गर्दै समग्रमा कोषको सेवा प्रवाहमा करिब ४० प्रतिशत हिस्सा शाखा कार्यालयहरुले ओगटेको विचार व्यक्त गर्नुभयो। त्यसैगरी कोषका सह-प्रशासक जितेन्द्र धितालले प्रशासक र नेपाल सरकारबीच भएको कार्य सम्पादन सम्झौता, प्रशासक र विभागीय प्रमुख तथा शाखा कार्यालयका प्रमुखहरुबीच भएको सम्झौताको प्रगति समीक्षा यथार्थपरक भएर गर्नुपर्ने सुझाव व्यक्त गर्नुभयो। साथै, उहाँले देशको बदलिदो परिस्थिति, कोषलाई प्राप्त अवसर तथा चुनौती समेतलाई दृष्टिगत गरी वास्तविकतामा आधारित भएर कोषको वार्षिक कार्यक्रम तथा बजेट तयार हुनुपर्ने बताउनु भयो।

कोषका विभागीय प्रमुख जीवन कुमार कट्वालले कोषको आ.व. २०७५/७६ को विशेष कार्यक्रमहरुको प्रगति समीक्षा र आगामी आ.व.२०७६/७७ को प्रस्तावित कार्यक्रमहरुको विवरण छलफलका लागि प्रस्तुत गर्नुभयो भने विभागीय प्रमुख ध्रुव प्रसाद अधिकारीले कोषको आ.व. २०७५/७६ को बजेट समीक्षा तथा आगामी आ.व. २०७६/७७ को बजेटको प्रारुप प्रस्तुत गर्नुभएको थियो।

# National Pension Service कोरियाको तालिम कार्यक्रममा सहभागिता

कोषका मुख्य प्रवन्धकद्वय ओम कृष्ण श्रेष्ठ र विजय कुमार श्रेष्ठ The 6th Annual Training Course on Public Pension in South Asia/ Pacific कार्यक्रममा सहभागी हुनु भएको छ। NPS र OECD Korea द्वारा १७-२२ जुन २०१९ मा दक्षिण कोरियाको सिउलमा कार्यक्रम सम्पन्न भएको थियो। तालिम कार्यक्रम सार्वजनिक पेन्सन प्रवर्द्धन विषयमा केन्द्रित रहेको थियो। सहभागीहरुका अनुसार एशिया प्रशान्त क्षेत्रमा लागू रहेको पेन्सन प्रणाली र यसको आवश्यकता बारे विचार आदान प्रदान गर्न कार्यक्रम सफल रहेको थियो।




त्यसैगरी २०७६ भाद्र १० देखि १२ सम्म National Pension Service कोरियाको तालिममा २२ जना अधिकृतस्तरका कर्मचारी सहभागी हुनुभयो। तालिममा सहभागी कर्मचारीलाई पेन्सन सम्बन्धित विविध जानकारी प्रदान गरिएको थियो।

# कोषमा नयाँ दरबन्दी संरचना कायम



कोषले मिति २०७५/११/१ देखि लागु हुने गरी नयाँ दरबन्दी संरचना लागु गरेको छ। मिति २०६९/२/१८ देखि लागु भएको कोषको संगठनात्मक संरचना तथा दरबन्दीलाई परिमार्जन गरी कोष संचालक समितिबाट २०७५/१०/१७ मा नयाँ संरचना तथा दरबन्दी स्वीकृत भए अनुसार सो दरबन्दी संरचना लागु भएको हो। संरचना अनुसार ११ विभाग अन्तर्गत विभिन्न पदमा ५१५ दरबन्दी स्वीकृत रहेको छ। यस अगाडिको दरबन्दी संरचनामा १० विभाग सहित ५२५ दरबन्दी स्वीकृत रहेको थियो।

# सञ्चयकर्ता आवास योजना कार्यान्वयन



कोषले संचयकर्ताको सुविधाको लागि नमुना आवास योजना सञ्चालन गर्ने भएको छ। कोषले सस्तो मूल्यमा कर्मचारीका लागि आवास योजना ल्याउन लागेको हो। पहिलो चरणमा चितवनमा रहेको कोषको स्वामित्वको ४ विगाह १६ कठ्ठा जग्गामा घरहरु निर्माण गर्ने योजना रहेको छ। सरकारको गत आर्थिक वर्षको बजेटमा कर्मचारी आवास योजना सञ्चालन गर्ने नीति अनुसार न्युनतम लागतमा निश्चित मापदण्डका आधारमा आवास निर्माण गरिने लक्ष्य रहेको छ।

## कर्मचारीलाई सेवाकालिन तालिम

आर्थिक वर्ष २०७५/७६ मा जम्माजम्मी ३८५ जना कर्मचारीहरु विभिन्न प्रकारका सेवाकालिन तालिममा सहभागी भएका छन्। जसमध्ये बैदेशिक तालिममा सहभागी भएका ७९ जना र स्वदेशमा तालिम लिनेमा ३०६ जना कर्मचारी रहेका छन्।

## लेखापरीक्षक नियुक्त

कोषको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण ऐन, २०७५ को दफा १० को उफदफा १ बमोजिम महालेखा परीक्षकको कार्यालयको मिति २०७६/२/३० को निर्णयानुसार महालेखा परीक्षकको सहायकको रुपमा सि.ए. श्री सुनिर कुमार ढुङ्गेल र सि.ए.श्री महेश खनाल नियुक्त हुनु भएको छ।

# कोषको सिएसआर

कोषले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बीर अस्पताललाई रु. ८ लाख ५२ हजार मुल्य बराबरको एक्सरे ओरल शेन्सर, डेन्टल एक्सरे र ईसिजि मेसिन जस्ता उपकरणहरु प्रदान गरेको छ। त्यसैगरी कोषले सामुदायिक हेल्पिङ्ग हेन्ड्स हस्पिटललाई एक्सरे मेसिन र पोर्टेवल अल्ट्रसाउण्ड किन्नका लागि रु. १० लाख प्रदान गरेको छ। कोषद्वारा अपाङ्ग सेवा संघ बुङमति (कार्यविनायक) लाई रु २ लाख रुपैयाँ प्रदान गरिएकोछ।

निजामतीतर्फको पूर्व कर्मचारी सेवा परिषदलाई विभिन्न कृयाकलाप सञ्चालन गर्नका लागि रु. १ लाख ६० हजार प्रदान गरिएको छ भने श्री नेपाल राष्ट्रिय जनजाती प्राथमिक बिद्यालय, बट्टेशवर जनकपुरका अति बिपन्न समुदायका छात्र छात्रालाई रु. एक लाख बराबरको पाठ्य सामग्री, खेलकुद सामग्री, लाइब्रेरी संचालन सुरुवात गर्न आवश्यक सामग्री, भौतिक सामग्री, प्राथमिक उपचार सामग्री तथा नेपालको राष्ट्रिय झण्डा उपलव्ध गराई सहयोग गरेको छ।

# केवाईसी अद्याबधिक कार्यमा सञ्चयकर्ताको उत्साहप्रद सहभागिता

सञ्चयकर्ताको खातामा शुद्धता ल्याउन तथा सेवा प्रवाहलाई चुस्तदुरुस्त पार्ने उद्धेश्यका साथ अभियानकै रुपमा प्रयोगमा ल्याईएको KYC अद्याबधिक गर्ने कार्यमा आर्थिक वर्ष २०७५/७६ कुल १ लाख ७५ हजार ५ सय ९२ जना सहभागी भएका छन्।

ठमेल कार्यालयबाट ५४,४७७ जना सञ्चयकर्ताले केवाइसी अद्याबीधक गरेका छन् भने शाखा कार्यालय विराटनगरबाट २४,८५४ जना, शाखा कार्यलिय, हेटौंडाबाट १५,९८८, शाखा कार्यालय, पोखराबाट १५,५१३, शाखा कार्यालय, बुटवलबाट १५,१२१, शाखा कार्यालय, कोहलपुरबाट १२,९९५, शाखा कार्यालय, धनगढीबाट १०,६६८,शाखा कार्यालय, जनकपुरबाट ८,१३४, शाखा कार्यालय, सुर्खेतबाट ६,४५०, सेवा केन्द्र, सिंहदरबारबाट ४,२८३, सेवा केन्द्र, पुल्चोकबाट ४,०५२ र सेवा केन्द्र, धनकुटाबाट ३,०५७ जना सञ्चयकर्ताले केवाईसी अपडेट अद्याबीधक गरेका छन्।

निजामती तर्फ ४४,०३२ जना, पुलिसतर्फ २७,०१३ जना, आर्मीतर्फ १४,३५५ जना, शिक्षातर्फ ४६,८१५ जना र संस्थानतर्फ ४३,३७७ जना सञ्चयकर्ताले आफ्नो केवाइसी अद्याबीधक गराएका छन्।

# शाखा कार्यालय पोखरा




शाखा कार्यालय पोखराबाट आर्थिक बर्ष २०७४/७५ को अवधीमा ३२,४३३ जनालाई सेवा प्रवाह गरेकोमा २०७५/७६ को अवधीमा ५१,७३४ जना भन्दा बढी सेवाग्राहीहरुले विभिन्न प्रकारका सेवाहरु प्राप्त गरेका छन्। आर्थिक वर्ष २०७५/०७६ मा विशेष सापटी अन्तर्गत कुल ५४८५ जना सञ्चयकर्ताहरुलाई जम्मा रु ९५,२४,७३,२००/६१ सापटी प्रदान गरेको छ। त्यसैगरी घर सापटी जम्मा १२७ जनालाई रु. ४१,४३,६२,४०८/६४ नयाँ घर निर्माण, तल्ला थप तथा नयाँ घर खरिद गर्नका लागि सापटी प्रदान गरिएको छ। घरमर्मत सापटी शिर्षक अन्तर्गत कुल २७ जना सञ्चयकर्ताहरुलाई रु. ४,८९,४२,९४२/३८/- बराबरको घर मर्मत सापटी रकम प्रदान गरेको छ। जम्मा ९ जना सञ्चयकर्तालाई रु.१,९६,०७,५४०/- बराबरको शैक्षिक सापटी रकम प्रदान गरेको छ।

आर्थिक बर्ष २०७५/०७६ मा कुल ३११० जना सञ्चयकर्ताहरुलाई कोषकट्टी रकमको भुक्तानी वापत रु. ९०,४७,७०,५०७/३१ प्रदान गरेको छ। शाखा कार्यालय पोखराले सञ्चयकर्ताहरुको लागि प्रवाह गरिएको बिशेष सापटी रकम सञ्चयकर्ताहरुबाट साँवा तथा ब्याजसमेत असूल गर्ने गरिएको छ। यस अवधिमा विशेष सापटी बापत रु. ३८,६१,६४,१८०/६० असूल भएको छ। Interest Suspense तर्फ जम्मा रु २,०१,४०,२१४/७२ ब्याज बक्यौता रहेकोमा रु १,५१,५१,०३४/५८ ब्याज असुल गरिएको छ।

सामाजिक सुरक्षा अन्तर्गत आर्थिक बर्ष २०७५/०७६ मा शाखाले ५ जना मृतक सञ्चयकर्ताको हकवालाहरुलाई रु. ६,२५,०००/- बराबरको दुर्घटना क्षतिपूर्ति रकम भुक्तानी गरेको छ। ३३ जना मृतक सञ्चयकर्ताहरुको हकवालालाई रु. ११,२०,०००/- काजक्रिया अनुदानको रुपमा प्रदान गरिएको छ। सञ्चयकर्ता औषधोपचार सहयोग बापत यस शाखा कार्यालयले जम्मा २ जना सञ्चयकर्ताहरुलाई रु. ४८,८७४/- प्रदान गरेको छ। त्यसैगरी १५६३ जना सञ्चयकर्ताहरुलाई रु.७,५०० का दरले जम्मा रु. १,१७,२२,५००/- सुत्केरी तथा शिशु स्याहार सुविधा प्रदान गरेको छ।

शाखा कार्यालय पोखराले आर्थिक वर्ष २०७५/७६ मा नयाँ सञ्चयकर्ता विस्तारमा २४८.२५ प्रतिशत, फाँटवारीहरुको डाटा इन्ट्रिमा ११०.७८ प्रतिशत, दैनिक सेवा प्रवाहमा ५९ प्रतिशत, केवाईसी अपडेटमा १२८.६७ प्रतिशत, विद्युतीय माध्यमवाट फाँटवारी संकलन तर्फ १३० प्रतिशत, फाँटवारी संकलन भएको ७ दिनमा पोस्टिङ्गको व्यवस्था र खाता एकीकरणमा शतप्रतिशत प्रगति हासिल गरेको छ।

# शाखा कार्यालय हेटौडा




कोषको नियमित कार्यहरु मध्येको विशेष सापटी बापत ७७५९ जना सञ्चयकर्ताले १,०४,३०,५२,२८६ रकम प्राप्त गर्नु भएको छ। त्यस्तै यस शाखा कार्यालयबाट ३५७१ सञ्चयकर्ताले ३६,४२,४१,३८१।२५ रकम भुक्तानी लिनुभएको छ। विशेष सापटी दाखिला फिर्ता २६९९ जना सञ्चयकर्ताबाट रु ३२,०४,३३,७७६।९२ रकम दाखिला भएको छ। हेटौडा शाखाबाट १८ जना सञ्चयकर्ताले शैक्षिक सापटी, १६५ सञ्चयर्ताहरुले घरसापटी र ३७ जना सञ्चयकर्ताले घर मर्मत सापटी लिनुभई कुल रु. ५४,४३,७१,०६१.५१ आ.व २०७५/७६ मा सापटी प्रवाह गरिएको छ।

काजक्रिया अनुदान अन्तर्गत ३० जना सञ्चयकर्ताको आश्रित परिवारले सहयोग रकम रु ८,७०,००० (आठ लाख सत्तरी हजार) प्राप्त गर्नुभएको छ। सुत्केरी तथा शिशुहेरचाह खर्च २०२१ जना सञ्चयकर्ताहरुले कुल रु १,५१,५७,५००। प्राप्त गर्नुभएको छ। ७ जना सञ्चयकर्ताहरुले दुर्घटना क्षतिपूर्ति वापत रु ९,५०,००० प्राप्त गर्नुभएको छ। स्वास्थ्य बिमा मंसीर २०७५ मंसीर १ देखी लागु भए पश्चात् ७३ जना सञ्चयकर्ताहरुले शाखा कार्यालय बाट बिमा रकम दाविको लागि सिफारिस लिनुभएको छ।

शाखा कार्यालय, हेटौडाले पर्सा, मकवानपुर, बारा र चितवनका सञ्चयकर्ता कार्यालयका लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीहरुसँग डिजिटल फाँटवारी, कोषका गतिविधि लगायत कोषबाट प्रदान हुने सेवा–सुविधासम्बन्धी जानकारी मुलक कार्यक्रम सञ्चालन गऱ्यो। हेटौडा शाखा कार्यालयले २०७५ श्रावण देखि २०७६ आषाढ मसान्त सम्म ६५ वटा विभिन्न कार्यालयहरुसँग कोषकट्टी गर्ने सम्झौता गरी ९०० जना थप सञ्चयकर्ता कोषमा आवद्ध गर्न सफल भएकोछ।

शाखा कार्यालय हेटौडाले आर्थिक वर्ष २०७५/७६ मा नयाँ सञ्चयकर्ता विस्तारमा ३६ प्रतिशत, डाटा इन्ट्रिमा १००.२६ प्रतिशत, दैनिक सेवा प्रवाहमा ९५.४५ प्रतिशत, केवाईसी अपडेटमा ९६.४१ प्रतिशत, विद्युतीय माध्यमवाट फाँटवारी संकलन तर्फ १५२ प्रतिशत, फाँटवारी संकलन भएको ७ दिनमा पोस्टिङ्गको व्यवस्था शतप्रतिशत र खाता एकीकरणमा १६५.६० प्रतिशत प्रगति हाँसिल गरेको छ।

## अनलाईन दरखास्त लिने ब्यवस्थाको शुरूवात

आर्थिक वर्ष २०७५/७६ देखि कोषको रिक्त दरवन्दी पदपूर्तिको लागि हुने खुला तर्फको विज्ञापनमा आवेदन दिने आवेदकहरुलाई अनलाईन प्रणाली मार्फत आवेदन दिन सक्ने व्यवस्था कार्यान्वयनमा ल्याईएको छ। मानव शंसाधन तथा आन्तरिक व्यवस्थापन विभागले कार्यान्वयनमा ल्याएको उक्त प्रणालीबाट खुला विज्ञापनमा आवेदन दिने उम्मेदवारहरुलाई कोषमा उपस्थित हुन नपर्ने र कोषको काम कारबाही समेत छिटो, छरितो, सरल, सहज र मितव्ययी हुने देखिएको छ।

# शाखा कार्यालय जनकपुर

शाखा कार्यालय, जनकपुरले कार्य क्षेत्र र दायरामा परेका कोष कट्टी हुने सबै कार्यालयहरु र सञ्चयकर्ताहरुलाई शाखाबाट सञ्चयकोष कट्टी फाटँवारी सकंलन, परिचयपत्र समर्थन, विशेष सापटी भुक्तानी, अवकाश पछिको भुक्तानी, औषधोपचार सोधभर्ना, सुत्केरी तथा शिशु स्याहार खर्च, दुर्घटना क्षतिपूर्ति, काजक्रिया खर्च, घर सापटी, शैक्षिक सापटी र अन्य सुविधा र सेवा प्रदान गर्दै आएको छ।

जनकपुर शाखाले आर्थिक वर्ष २०७५/७६ मा नयाँ सञ्चयकर्ता विस्तारमा २०.३ प्रतिशत, ई-सर्भिसमा शतप्रतिशत, फाँटवारीहरुको डाटा इन्ट्रिमा १३८.६४ प्रतिशत, दैनिक सेवा प्रवाहमा १४६.६७ प्रतिशत, केवाईसी अपडेटमा ६५.०७ प्रतिशत, डाटा इन्ट्रि डिजिटल अपलोडमा १२० प्रतिशत, फाँटवारी संकलन भएको ७ दिनमा पोस्टिङ्गको व्यवस्थामा शतप्रतिशत र खाता एकीकरणमा १३५.६० प्रतिशत प्रगति हासिल गरेको छ।

शाखा कार्यालयलाई नयाँ सञ्चयकर्ता विस्तारमा १०००, ई-सर्भिसमा २०००, फाँटवारीहरुको डाटा ईन्ट्रिमा १५००००, दैनिक सेवा प्रवाहमा ७५, केवाईसी अपडेटमा १२५००, डाटा ईन्ट्रि डिजिटल अपलोडमा ५० प्रतिशत, फाँटवारी संकलन भएको ७ दिनमा पोस्टिङ्गको व्यवस्था र खाता एकीकरणमा ७५० लक्ष्य तोकिएको थियो।

हाल शाखा कार्यालयले यस क्षेत्रका करिब ३२०० कार्यालयका ३५ हजार सञ्चयकर्ताहरुलाई स्वीकृत दरबन्दी १२ भए पनि ८ दरबन्दीमा कार्यरत कर्मचारीहरुबाट सेवा प्रवाह गर्दै आएको छ।

कोषको शाखा कार्यालय, जनकपुरको प्रमुखको रुपमा का.मु. वरिष्ठ प्रवन्धक ध्रुव प्रसाद पन्त नियुक्त हुनु भएको छ। उहाँको पन्तको नियुक्ति यही भाद्र १ गते भएको हो।



# शाखा कार्यालय बुटवल



मिति २०७६ श्रावण ३ गते कर्मचारी सञ्चय कोष, शाखा कार्यालय बुटवलले "सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बिमा योजना" अन्तर्गत औषधोपचार गरी बिमा रकम दाबी गरेका १५ जना सञ्चयकर्ताहरुलाई शाखा कार्यालयमा एक कार्यक्रम गरी बिमा रकम प्रदान गरेको छ। मिति २०७६ भाद्र २२ गते सम्ममा शाखा कार्यालय बुटवलबाट जम्मा १२५ जना सञ्चयकर्तालाई बिमा रकम दाबीको लागी सिफारीस भएकोमा ७४ जना सञ्चयकर्ता मध्ये ६६ जना सञ्चयकर्तालाई बिमा रकम भुक्तानी भएको र बाँकी प्रकृयामा रहेको छ।

शाखा कार्यालय बुटवलले सञ्चयकर्तालाई सञ्चयकोष कट्टी फाँटवारी सकंलन, परिचयपत्र समर्थन, विशेष सापटी भुक्तानी, अवकाश पछिको भुक्तानी, औषधोपचार सोधभर्ना, सुत्केरी तथा शिशु स्याहारखर्च, दुर्घटना क्षतिपूर्ति, काजक्रिया खर्च, घरसापटी, शैक्षिक सापटी र अन्य सुविधा र सेवा प्रदान गर्दै आएको छ।

शाखा कार्यालय बुटवलले आर्थिक वर्ष २०७५/७६ मा नयाँ सञ्चयकर्ता विस्तारमा ६५.५३ प्रतिशत, फाँटवारीहरुको डाटा इन्ट्रिमा १०७.२७ प्रतिशत, दैनिक सेवा प्रवाहमा १२५ प्रतिशत, केवाईसी अपडेटमा १२०.९८ प्रतिशत, डाटा इन्ट्रि डिजिटल अपलोडमा १३०.६४ प्रतिशत, फाँटवारी संकलन भएको ७ दिनमा पोस्टिङ्गको व्यवस्थामा शतप्रतिशत र खाता एकीकरणमा १६७.८७ प्रतिशत प्रगति हासिल गरेको छ।

# शाखा कार्यालय धनगढी




शाखा कार्यालय धनगढीले आ.व. २०७५/७६ को असार मसान्त सम्ममा शाखा कार्यालय धनगढीबाट ४,८५५ जना सञ्चयकर्ताहरुलाई विशेष सापटि वापत रु.७१,१२,१५,१८८।४० र २००४ जना अवकास प्राप्त सञ्चयकर्ताहरुलाई रु.२३,७८,८२,६१०।४० कोष भुक्तानी गरेको छ। यसै अवधिमा सञ्चयकर्ता सामाजिक सुरक्षातर्फ प्रसुति तथा शिशुस्याहार खर्च वापत १४४८ जना सञ्चयकर्ताहरुलाई रु. १०८६००००।००, दुर्घटना क्षतिपुर्ति वापत ७ जना सञ्चयकर्ताहरुलाई रु. ९५००००, औषधोपचारखर्च (कडारोग) वापत ४ जना सञ्चयकर्ताहरुलाई रु. ८३,९७१, सेवा अवधिमा मृत्युभएका ३९ जना सञ्चयकर्ताहरुका हकवालालाई काजक्रिया अनुदान वापत रु. १३,८०,०००।००, सेवा अवधिमा मृत्युभएका १८ जना सञ्चयकर्ताहरुका हकवालालाई कर्मचारी कल्याण योजना वापत रु. २,०१५,०००।०० प्रदान गरिएको छ।

शाखा कार्यालय धनगढीद्वारा आ.व. २०७५/७६ को असार मसान्त सम्ममा घर सापटि तर्फ ३४८ जना सञ्चयकर्ताहरुलाई रु. २७३,८५९,०००, घर मर्मत सापटि तर्फ ५१ जना सञ्चयकर्ताहरुलाई रु. ६५,६६१,०००।००, शैक्षिक सापटि तर्फ ४ जना सच्चयकर्तालाई ६,४१०,०००।०० लगानी गरेको छ। यसै अवधिमा घर सापटि तर्फ सावा असुली रु.९९,८३०,६८१।६६, नियमित ब्याज असुली रु.६५,९९१,७५०।५५ (९०%), Interest Suspense असुली रु.१३,१९२,८८३।४० (८३%), घर मर्मत सापटि तर्फ सावा असुली रु. ४,६२५,२९५।०९, नियमित ब्याज असुली रु.६९८८५४५।५९ (१००%) र शैक्षिक सापटि तर्फ सावा असुली रु.१,०७५,९७९।५३ नियमित ब्याज असुली रु.११७५०५९।६१(९८%) कर्जा असुली भएको छ। ३००० वटा नयाँ परिचयपत्र समर्थन गरिएको छ भने सञ्चयकर्ताहरुको दोहोरो खाताहरु न्यूनिकरण गर्ने उद्देश्यले यस शाखा कार्यालयद्वारा यस आ.व.मा २१२२ वटा कोष खाता एकीकरण गर्ने काम सम्पन्न गरेको छ।

धनगढी शाखाले आर्थिक वर्ष २०७५/७६ मा नयाँ सञ्चयकर्ता विस्तारमा १६ प्रतिशत, फाँटवारीहरुको डाटा इन्ट्रिमा ९६.४० प्रतिशत, दैनिक सेवा प्रवाहमा १४० प्रतिशत, केवाईसी अपडेटमा ७१.०५ प्रतिशत, डाटा इन्ट्रि डिजिटल अपलोडमा १३४ प्रतिशत, फाँटवारी संकलन भएको ७ दिनमा पोस्टिङ्गको व्यवस्थामा शतप्रतिशत र खाता एकीकरणमा २८२.९३ प्रतिशत प्रगति हाँसिल गरेको छ।

शाखा कार्यालय धनगढीले को.ले.नि.का कैलाली संग समन्वय गरी कैलाली जिल्लाका लेखाअधिकृत, लेखापाल तथा कार्यालय प्रमुखलाई आमन्त्रण गरी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरि "कर्मचारी सञ्चय कोषले प्रदान गरेका सेवा सुविधा, कोषका गतिविधि तथा सफ्टकपीमा फाँटवारी पठाउने" विषयमा प्रशिक्षण प्रदान गरेको छ। साथै यसै कार्यक्रमा कोषले हालै लागु गरेको सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बिमा तथा दाबि प्रकृयाको बारेमा राष्ट्रिय बिमा कम्पनी धनगढीका कार्यालय प्रमुख दिपकराज पाण्डेलाई आमन्त्रण गरी जानकारी प्रदान गरियो।

# नेपाल वित्तीय संस्था कर्मचारी संघ



मुलुकको वित्तिय क्षेत्रमा स्थापित सार्वजनिक संस्थाहरु मध्ये प्रतिष्ठित संस्था कर्मचारी सञ्चय कोषमा क्रियाशिल ट्रेड युनियनहरु मध्ये नेपाल वित्तिय संस्था कर्मचारी संघ श्रम ऐन, २०७४ र ट्रेड युनियन ऐन, २०४९ अनुसार बैकिङ्ग कर्मचारी कांग्रेस हुँदै २०४७ चैत्र २२ गते स्थापित भएको हो । यो संस्था राष्ट्रिय स्तरमा ट्रेड युनियन कांग्रेस र अन्तर ाष्ट्रिय स्तरमा युनियन नेटवर्क इन्टरनेशनलसँग आवद्ध फियन राष्ट्रिय समिति अन्तर्गत रही कार्य गर्दै आइरहेको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघले प्रतिष्ठान स्तरमा स्थापित ट्रेड युनियनहरुमाझ आफ्नो सक्रिय उपस्थिति कायम गर्दै आइरहेको छ भने कोषको संस्थागत हित र कर्मचारीहरुको पेशागत हक हितको पक्षमा क्रियाशिल रहँदै आइरहेको छ ।

संघद्वारा पछिल्लो आ.व.मा सञ्चालित मुख्य गतिविधि र क्रियाकलापहरु यस प्रकार रहेका छन् :

☞ संघको १० औ केन्द्रीय अधिवेशन यही भाद्र ६ र ७ गते काठमाडौंमा सम्पन्न भयो । पूर्व अर्थ मन्त्री एवं नेपाली काग्रेसका केन्द्रीय सदस्य डा. रामशरण महतको प्रमुख आतिथ्यमा सम्पन्न उक्त अधिवेशनबाट अध्यक्षमा अर्जुन प्रसाद आचार्य, बरिष्ठ उपाध्यक्ष बद्रिराज खड्का, उपाध्यक्ष दिपक राज भट्टराई, उपाध्यक्ष (महिला) राधा कण्डेल, महासचिव दिनेश बास्कोटा, उपमहासचिव खिम बहादुर खड्का, सचिव भानुभक्त गौतम, सह सचिव उमेशराज भट्ट र कोषाध्यक्षमा सरोज कुमार यादव निर्विरोध निर्वाचित हुनुभयो ।

यसैगरी सदस्यहरुमा झलकराज शर्मा पौडेल, शेखर थापा, शैलेश धौभडेल, केशव राज श्रेष्ठ, गौरिशंकर मल्लिक, मोहन कुमार थापा, अनिशा काफ्ले, गणेश श्रेष्ठ, रमेश भुजेल, रिपु कुमारी, सविता लुइटेल, बल बहादुर कुँवर, सन्तोष आचार्य, सुरेन्द्र कुमार यादव, कल्पना चटौत र ईश्वर श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभयो । यस्तै सभामुखमा तारा काफ्ले र उप सभामुखमा हरि प्रसाद शर्मा खनाल निर्वाचित हुनु भयो ।

अधिवेशनबाट धर्मप्रसाद खनालको संयोजकत्वमा ५ सदस्यीय सल्लाहकार समिति गठन गरेको छ । उक्त समितिमा ज्ञानहरि ढुंगाना, शिवराज पौडेल, उमेश प्रसाद सुवेदी र महेश श्रेष्ठ सदस्यको रुपमा रहनु भएको छ । यस्तै अधिवेशनले सरोज बस्नेतलाई युवा समितिको संयोजक र शुष्मा कडेललाई महिला समितिको संयोजकमा मनोनयन गरेको छ ।

☞ २०७५ असोज १२ गते राष्ट्रिय कर्मचारी संगठनसँगको सहकार्यमा कोषको केन्द्रीय कार्यालय पुल्चोकमा सञ्चयकर्ता स्वास्थ्य बिमा विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । उक्त अन्तरक्रिया कार्यक्रममा बिमा विज्ञ श्री शिव प्रसाद अधिकारीज्यूले कार्यपत्र पस्तुत गर्नुभएको थियो ।

☞ २०७५ असोज विजया दशमी लगायत समग्र चाडपर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरियो ।

☞ २०७५ साल मंसिर १४ र १५ गते नवलपरासीको गैडाकोटमा संघको १५ औं केन्द्रीय सभा नेपाली कांग्रेसका केन्द्रीय सदस्य बद्रि पाण्डेको आतिथ्यतामा सम्पन्न भयो ।

☞ २०७५ चैत्र ३० गते फियन डे को उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरियो ।

☞ यही भाद्र २ गते संघको कार्यालय ठमेलमा UNI Care Director, Switzerland /UNI Care APRO Nepal का Director हरुको उपस्थितिमा सांगठनिक गतिविधिहरु, युनियनका अन्तर्राष्ट्रिय मूल्य मान्यता एवं अभ्यासको विषयमा जानकारी आदान प्रदान गरियो ।

☞ कोषको कर्मचारी सेवा शर्त नियमावलीको एघारौ संशोधन पश्चात कोषमा कार्यरत कर्मचारीहरुलाई मर्का पर्ने विषयमा एकल तथा संयुक्त रुपबाट ब्यवस्थापन समक्ष छलफल गरी युनियनको धारणा प्रस्तुत गरियो ।




- पछिल्लो समय व्यवस्थापनबाट भएका सरुवा, तालिम,पदस्थापन लगायतका विषयमा जोडदार आवाज उठाई सवैलाई समेट्ने प्रयास भएको ।
- युनियनका पदाधिकारीहरुबाट शाखा कार्यालयको भ्रमण गरी शाखा कार्यालयका समस्याहरुको सम्बन्धमा राय सुझाव संकलन गरी व्यवस्थापन समक्ष प्रस्तुत गरिएको ।
- UNICARE Apro South Asia ले UNICARE Global (Private Care, Health and Social Insurance)/ Rashtriya Mazdoor Sangh (RMS) Pune, India को सहकार्यमा मिति २०७६ श्रावण ३१ र ३२ गते (16-17, August, 2019) सम्म भारतको पुनामा आयोजना भएको UNICARE Apro South Asia Organizations' Workshop कार्यक्रममा संघका पूर्व सदस्य तथा सल्लाहाकार सदस्य श्री शिवराज पौडेल सहभागी हुनु भएको ।

संघ स्थापनको करिव ३० वर्षको अवधिमा संघको कुशल नेतृत्वको कारण कर्मचारीले प्राप्त गरेको उपलब्धिको रक्षार्थ संघ सधै क्रियाशील रहिरहेको छ । संघको पछिल्लो अशिवेशनले सबैको लागि सञ्चय कोष, सधैको लागि सञ्चय कोष भन्ने दीर्घकालिन सोच (Vision) लिएको छ भने संगठन सञ्चालनमा व्यवसायिकताको विकास गरी असल अभ्यास र संस्कारलाई आन्तरिकीकरण गर्ने दिर्घकालिन लक्ष्य (Mission) लिएको छ ।

# कोषद्वारा आ.व. २०७६/७७ का लागि नयाँ ब्याजदर निर्धारण

कोष संचालक समितिको वैठक नं. १५५० मिति २०७६/३/३० को निर्णय अनुसार २०७६ श्रावण १ देखि लागु हुने गरी देहाय वमोजिमको ब्याजदर निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ ।

| | |
|---|---|
| सञ्चय कोष रकममा दिईने ब्याज | ८.२५ प्रतिशत |
| विशेष सापटी | ९.५० प्रतिशत |
| घर सापटी (चालिस लाख रुपैया सम्मको) | ९.७५ प्रतिशत |
| घर सापटी (चालिस लाख रुपैया भन्दा माथि) | १०.०० प्रतिशत |
| शैक्षिक सापटी र घर मर्मत सापटी | ९.७५ प्रतिशत |
| सरल चक्र कर्जा | १०.२५ प्रतिशत |

# सञ्चय कोष कर्मचारी संगठन




कर्मचारी सञ्चय कोषमा २५ वर्षदेखि ट्रेड युनियनको रुपमा क्रियाशील सञ्चय कोष कर्मचारी संघ र विगत ११ वर्षदेखि क्रियाशील रहेको ट्रेड युनियन नेपाल राष्ट्रिय कर्मचारी संगठनबीच मिति २०७५ फागुन २३-२५ सम्म चितवन जिल्लाको सौराहमा भएको एकता सम्मेलनबाट एकीकरण भई सञ्चय कोष कर्मचारी संगठन कर्मचारी सञ्चय कोषको नामबाट क्रियाशील रहेको छ । एकीकरण पश्चात भावनात्मक एकताका साथ कोष तथा कर्मचारीहरुको हक हितमा सशक्त रुपमा कार्य गर्दै आएको छ । कर्मचारी सञ्चय कोषको ५८ औं वार्षिक उत्सव समारोहलाई सफल बनाउन सक्रियताका साथ सहभागी हुँदै रहेको व्यहोरा अवगत गराउँदै दुवै संगठनबाट वर्ष दिनभित्र भए गरेका कार्य विवरणहरु देहायनुसार प्रस्तुत गर्दछौं :-

१. २०७५ फागुन २३-२५ सम्म चितवन जिल्लाको सौराहमा सञ्चय कोष कर्मचारी संघका अध्यक्ष श्री धर्मराज मैनाली तथा नेपाल राष्ट्रिय कर्मचारी संगठनका अध्यक्ष श्री राम प्रसाद राईको अध्यक्षतामा प्रमुख अतिथि श्री विश्वनाथ प्याकुरेल, विश्व ट्रेड युनियन महासंघ आर्थिक कमिटिका सदस्य, नेपाल राष्ट्रिय कर्मचारी महासंघका सल्लाहकार संयोजक श्री मोहन मान सैंजुको आतिथ्यतामा कोषका प्रशासक श्री तुलसी प्रसाद गौतमज्यू लगायत सम्पूर्ण कोषका कर्मचारीहरुको सहभागितामा सञ्चय कोष कर्मचारी संगठनको लोगो अनावरण गरी विधिवत एकीकरण कार्यक्रम प्रमुख अतिथिज्यूबाट उद्घाटन भएको ।

२. उक्त बृहत एकीकरण कार्यक्रममा संगठनको एकीकरण प्रक्रिया, कमिटि गठन, नेतृत्व चयन, सल्लाहकार समिति लगायत एकीकरणको आवश्यकता, महत्व र औचित्य प्रष्ट पारिएको ।

३. अर्को अधिवेशन सम्पन्न नभएसम्म सञ्चय कोष कर्मचारी संगठनका संयोजक श्री धर्मराज मैनाली तथा सह-संयोजक श्री रामहरि गौतम रहने निर्णय गरिएको ।

४. सल्लाहकार संयोजक श्री त्रिविक्रम पाण्डे र वरिष्ठ सल्लाहकारमा श्री राम प्रसाद राई रहने निर्णय गरिएको ।

५. केन्द्रिय कमिटीका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरु केन्द्रीय सदस्यमा रही कार्य गर्ने निर्णय गरिएको ।

६. संसोधित विधान, २०७५ बमोजिम बाग्मती अञ्चल श्रम कार्यालयमा दर्ता गरी २०७५ चैत्र २५ गते सञ्चय कोष कर्मचारी संगठन कर्मचारी सञ्चय कोष नामको संस्था विधिवत स्थापनाको प्रमाणपत्र प्राप्त भएको ।

७. संगठनको विधिवत एकीकरण पछि केन्द्रिय कमिटि तथा सचिवालयको बैठक ४/४ पटक बसी संस्था तथा कर्मचारीका हकहितमा छलफल गरिएको ।

८. सञ्चय कोष कर्मचारी संघ, नेपाल राष्ट्रिय कर्मचारी संगठन कर्मचारी सञ्चय कोष एकीकरण पूर्व आ-आफ्नै संगठनमा रहेर निम्न कार्य गरेको व्यहोरा अवगत गराईन्छ :-

९. ५७ औं वार्षिक उत्सवमा दुवै संगठनद्वारा आर्थिक सुविधा वृद्धिमा व्यवस्थापन समक्ष लामो छलफल गरी बाह्य कोष भत्ता, जीवन सुरक्षण कोष, महंगी भत्ता, बिमा लगायतका शीर्षकमा छलफल भई क्रमश: कार्यान्वयन गराउँदै जाने क्रममा घर सापटिमा थप रु.१० लाख, महंगी भत्तामा मासिक रु.२ हजार र आन्तरिक पर्यटनको प्रक्रियामा सरलीकृत गराउन सफल भएको ।

१०. संघ तथा संगठनको संयुक्त आयोजनामा मिति २०७५ आश्विनमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको ।

११. संगठनद्वारा केन्द्रिय परिषदको बैठक आयोजना गरी त्यसबाट प्राप्त सुझावहरुलाई कर्मचारीका हक अधिकार व्यवस्थापकीय भूमिका लगायतका विभिन्न सुझाव व्यवस्थापन समक्ष प्रस्तुत

१२. २०७५ मार्ग २२ गते काठमाण्डौ स्वीट्जरल्याण्ड पार्कमा दुवै युनियनको संयुक्त पहलमा कोषका सम्पूर्ण कर्मचारीकाबीच वनभोज कार्यक्रम सम्पन्न गरिएको ।

१३. दुवै युनियनद्वारा निवृत्त कर्मचारीको सम्मानमा छुट्टाछुट्टै तथा तीज कार्यक्रम संयुक्त रुपमा सम्पन्न गरिएको ।

१४. दुवै युनियनद्वारा स्वास्थ्य बिमा कार्यक्रममा आ-आफ्नै धारणा बमोजिम सञ्चयकर्ता लाभान्वित हुनेगरी स्वास्थ्य बिमा सञ्चालन गर्न सुझाव प्रदान गरिएको ।

१५. मध्यभोटेकोशी, रसुवागढी र साञ्जेन जलविद्युत कंपनीबाट प्राप्त हुने शेयरका लागि सापटी सुविधाको रुपमा आर्थिक सहयोग जुटाउन दुवै युनियनबाट संयुक्त पहल भएको ।

१६. कोषको सुदृढीकरण तथा सञ्चयकर्तालाई आर्थिक रुपमा लाभान्वित गराउने सम्बन्धमा पटक पटक संघद्वारा सुझाव दिँदै आएको ।

१७. सञ्चय कोष सेवा शर्त नियमावली ११ औं संसोधनद्वारा कर्मचारीका पूर्व प्राप्त हक अधिकार र वृत्ति विकासमा भएका कटौती सम्बन्धमा दुवै युनियनद्वारा असहमति तथा विरोध गर्दै आएको छ । उक्त विषयमा पून संशोधन गर्न जोडदार माग गर्दै आएको र कर्मचारीहरुबाट सुझाव संकलन गरी सुझाव दिने कार्य हुँदै आएको छ ।

१८. कोषको ठमेल कार्यालयलाई कोष भवन लगनखेलमा स्थानान्तरण गर्ने सम्बन्धमा पटक पटक ध्यानाकर्षण गराई निम्न सुझाव दिईएको :-

- सञ्चयकर्ताहरुलाई समयसापेक्ष सेवा प्रवाह गर्न कार्य प्रक्रिया तथा कार्य वातावरणलाई वैज्ञानिक प्रविधिमैत्री बनाउनु पर्ने ।
- यातायात सुविधा व्यवस्थापनमा वैज्ञानिक आधार तथा संरचना निर्माण गर्नुपर्ने ।
- युनियनको कार्यकक्षलाई आधुनिक र सुविधायुक्त रुपमा निर्माण गरी ठूला ठूला कार्यक्रम सञ्चालन (सेमिनार, गोष्ठी, अन्तरक्रिया) गर्न उपयुक्त बनाउनु पर्ने ।
- महिला कर्मचारीहरुका लागि शिशु स्याहार कक्ष, आराम कक्ष, कर्मचारीहरुलाई प्राथमिक स्वास्थ्य उपचार कक्ष तथा लाइब्रेरीको व्यवस्थापन गर्नुपर्ने ।



- मेहिला सञ्चयकर्ताका लागि स्तनपान कक्ष निर्माण तथा सञ्चालन गर्नुपर्ने ।
- ठमेलस्थित कोष भवन स्थानान्तरणपछि आधुनिक र वैज्ञानिक भवन निर्माण गरी पर्यटकीय स्थल ठमेलबाट आर्थिक लाभ प्राप्त गर्नुपर्ने ।

१९. कोषको दीर्घकालीन बचतलाई सुरक्षित र प्रतिफलयुक्त क्षेत्रमा लगानी गरी सञ्चयकर्ताको प्रतिफल र सामाजिक सुरक्षा सुविधा वृद्धिमा जोड दिईएको ।

२०. सामाजिक सुरक्षा कोष स्थापना पश्चात सञ्चयकर्ता तथा कर्मचारीहरुमा पर्न गएको द्विविधामा स्पष्ट पार्न पहल गरिएको ।

२१. योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालनको जिम्मा कर्मचारी सञ्चय कोषले प्राप्त गरेको विषयलाई ऐतिहासिक उपलब्धिको रुपमा लिँदै उक्त कोष सञ्चालनमा अन्तर्राष्ट्रिय अभ्यास र प्रविधि अनुसार सञ्चालन गरी पूर्ण सक्षम र विश्वासिलो बनाउन पहल गरिँदै आएको ।

२२. शाखा कार्यालयहरुलाई उपयुक्त भौतिक पूर्वाधार, प्रविधिमैत्री बनाई सेवा प्रवाहलाई सहज बनाउन पहल गर्दै आएको ।

२३. कर्मचारीहरुलाई शाखामा खुशी राजी साथ जाने वातावरण सिर्जना गर्न आर्थिक तथा गैर आर्थिक उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्न पहल गर्दै आएको ।

२५. शाखा प्रमुख तथा कर्मचारीबीच जिम्मेवारी र दायित्व वहन गर्न MOU लाई सशक्त रुपमा कार्यान्वयनमा ल्याउन पहल गर्दै आएको ।

२६. दुवै युनियनहरुद्वारा आ-आफ्ना छाता संगठनको नीति नियम अनुसार विभिन्न आयोजित कार्यक्रममा सहभागी हुँदै आएको एकीकरण अघि र एकीकरण पछि सञ्चय कोष कर्मचारी संगठन कर्मचारी सञ्चय कोषद्वारा उपर्युक्त विषयमा पटक पटक बैठक बसी छलफल गरी व्यवस्थापन समक्ष लिखित तथा मौखिक सुझाव दिँदै आएको, क्रमशः सेवा सुविधा पनि प्राप्त हुँदै गरेको । तथापी कोषका प्रशासक श्री तुलसी प्रसाद गौतमज्यूबाट नेपाल सरकार अर्थमन्त्रालयसँग भएको MOU तथा रणनीतिक योजनामा लिखित प्रतिवद्धतालाई क्रमशः कार्यान्वयन गराउन सुझाव दिँदै कोषको ५८ औं वार्षिक उत्सव समारोहलाई सफल बनाउन सक्रियताका साथ सहभागी हुँदै संगठनद्वारा वर्षदिनभित्र संस्थामा कर्मचारी तथा सञ्चयकर्ताहरुको हितमा जिम्मेवारीका साथ कार्य गर्दै आईरहेको र आगामी दिनमा कर्मचारीहरुको सुझावको आधारमा जिम्मेवारीका साथ अघि बढ्ने छ ।

# २५ वर्षे सेवा पदक प्राप्त गर्ने कर्मचारीसम्बन्धी विवरण

१. कार्यालय सुपरिवेक्षक, तह–४ श्री रामचन्द्र पोखरेल

२. कार्यालय सुपरिवेक्षक, तह–४ श्री चोत वहादुर खड्का

## आ. व. २०७५/७६ मा बढुवा भएका कर्मचारीको विवरण

| सि.नं. | नामथर | बढुवा भएको पद | तह | बढुवा मिति |
|---|---|---|---|---|
| १ | श्री रोचन श्रेष्ठ | मुख्य प्रबन्धक | १० | २०७६/०१/१३ |
| २ | श्री राजाराम श्रेष्ठ | मुख्य प्रबन्धक | १० | २०७६/०१/१३ |
| ३ | श्री विजय कुमार श्रेष्ठ | मुख्य प्रबन्धक | १० | २०७६/०१/१३ |
| ४ | श्री ध्रुव भट्टराई | मुख्य प्रबन्धक | १० | २०७६/०१/१३ |
| ५ | श्री ध्रुव प्रसाद अधिकारी | मुख्य प्रबन्धक | १० | २०७६/०१/१३ |
| ६ | श्री महेश प्रसाद खनाल | वरिष्ठ प्रबन्धक | ९ | २०७६/०१/१५ |
| ७ | श्री रामकाजी केसी. | वरिष्ठ प्रबन्धक | ९ | २०७६/०१/१५ |
| ८ | श्री दशरथ कुमार लामिछाने | वरिष्ठ प्रबन्धक | ९ | २०७६/०१/१५ |
| ९ | श्री शान्ता गौतम | वरिष्ठ प्रबन्धक | ९ | २०७६/०१/१५ |
| १० | श्री महेन्द्र राज शाक्य | वरिष्ठ प्रबन्धक | ९ | २०७६/०१/१५ |
| ११ | श्री सागर कुमार सिंह | वरिष्ठ प्रबन्धक | ९ | २०७६/०१/१५ |
| १२ | श्री पवन देउजा | व. प्रबन्धक (ई.) | ९ | २०७६/०१/१५ |
| १३ | श्री रवि तामाङ्ग | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| १४ | श्री अर्जुन निरौला | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| १५ | श्री कृष्ण बहादुर जि.सी. | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| १६ | श्री हरिकृष्ण कार्की | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| १७ | श्री अर्जुन प्रसाद उपाध्याय | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| १८ | श्री ध्रुव प्रसाद पन्त | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| १९ | श्री रामशरण अर्याल | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| २० | श्री रामचन्द्र पोखरेल | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| २१ | श्री कृष्ण प्रसाद शर्मा (क) | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| २२ | श्री केशप कुमार बुढाथोकी | प्रबन्धक | ८ | २०७६/०१/१६ |
| २३ | श्री डम्बर बहादुर खड्का | प्रबन्धक (कानून) | ८ | २०७६/०१/१६ |
| २४ | श्री आदर्श भट्टराई | प्रबन्धक (सिष्टम) | ८ | २०७६/०१/१६ |
| २५ | श्री कुमारी कञ्चन साह | प्रबन्धक (सिष्टम) | ८ | २०७६/०१/१६ |
| २६ | श्री कृष्ण सुवेदी | प्रबन्धक (सिष्टम ई.) | ८ | २०७६/०१/१६ |
| २७ | श्री धर्म प्रसाद खनाल | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| २८ | श्री निरञ्जन कुमार शर्मा | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| २९ | श्री शम्भू प्रसाद आचार्य | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३० | श्री चिरञ्जिवी पोखरेल | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३१ | श्री त्रिविक्रम पाण्डे | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३२ | श्री तारा काफ्ले | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३३ | श्री जितेन्द्र श्रेष्ठ | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३४ | श्री दिपक निरौला | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३५ | श्री बद्रिराज खड्का | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३६ | श्री कृष्ण प्रसाद शर्मा (ख) | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३७ | श्री गोविन्द राज थापा | उप प्रबन्धक | ७ | २०७६/०१/१६ |
| ३८ | श्री धर्मराज मैनाली | उप प्रबन्धक (कानून) | ७ | २०७६/०१/१६ |
| ३९ | श्री भगवान दाहाल | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४० | श्री कृष्ण गिरी | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४१ | श्री बिष्णु प्रसाद बर्तौला | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४२ | श्री पारसमणि भण्डारी | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४३ | श्री कमलेश कुमार यादव | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४४ | श्री अतुल बास्कोटा | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४५ | श्री देवानन्द बैजनाथ | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४६ | श्री काशिनाथ खतिवडा | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४७ | श्री अमृता अधिकारी | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४८ | श्री उत्तम घिमिरे | सहायक प्रबन्धक | ६ | २०७६/०१/१६ |
| ४९ | श्री रामनाथ डंगोल | सहायक प्रबन्धक (कम्प्युटर) | ६ | २०७६/०१/१६ |

## आ. व. २०७५/७६ मा अवकाश प्राप्त कर्मचारीको विवरण

| सि.नं. | पद | नामथर | अवकास मिति |
|---|---|---|---|
| १ | प्रमुख सहायक | विन्दु कुमारी वाग्ले | २०७५.०५.०१ |
| २ | वरिष्ठ सुपरीक्षक | मधु कुमार कार्की | २०७५.०५.१५ |
| ३ | वरिष्ठ सुपरीक्षक | कटक वहादुर मगर | २०७५.०५.१९ |
| ४ | नायव मुख्य अधिकृत | केदार नाथ गौतम | २०७५.०६.१८ |
| ५ | शाखा अधिकृत | शारदा के.सि. बस्नेत | २०७५.०७.०५ |
| ६ | का.मु. प्रबन्धक | थानेश्वर गिरी | २०७५.०७.२९ |
| ७ | शाखा अधिकृत | नारायण प्रसाद राजभण्डारी | २०७५.०८.०५ |
| ८ | शाखा अधिकृत | रुपा तिवारी | २०७५.०८.१३ |
| ९ | शाखा अधिकृत | तिर्थ बहादुर थापा | २०७५.०८.१३ |
| १० | वरिष्ठ सुपरीक्षक | शम्भु खत्री क्षेत्री | २०७५.०८.१७ |
| ११ | प्रमुख सहायक | लक्ष्मी अधिकारी | २०६४.८.१४ |
| १२ | शाखा अधिकृत | शिव राज पौडेल | २०७५.०८.२८ |
| १३ | शाखा अधिकृत | बालकृष्ण लुइटेल | २०७५.०९.०६ |
| १४ | शाखा अधिकृत | विश्व नाथ राजभण्डारी | २०७५.१०.११ |
| १५ | सहायक प्रबन्धक | प्रदिप कुमार हाडा | २०७५.०९.१२ |
| १६ | प्रवन्धक | विष्णु बहादुर खत्री | २०७५.११.०२ |
| १७ | कार्यालय सुपरिवेक्षक | रघुनाथ थापा | २०७५.११.१० |
| १८ | सहायक प्रबन्धक | जयन्द्र महर्जन | २०७५.११.०२ |
| १९ | सहायक प्रबन्धक | रन्जिता श्रेष्ठ | २०७५.११.१८ |
| २० | का. मु. मुख्य प्रबन्धक | विष्णु प्रसाद पौड्याल | २०७५.११.२६ |
| २१ | प्रमुख सहायक | साधना हमाल शाह | २०७५.१२.०५ |
| २२ | सहायक प्रबन्धक | केदार बहादुर क्षेत्री | २०७५.१२.०९ |
| २३ | कार्यालय सुपरिवेक्षक | चन्द्र बहादुर महर्जन | २०७६.००.०० |
| २४ | सहायक प्रबन्धक | शिव प्रसाद शर्मा पौडेल | २०७६.०१.१५ |
| २५ | सहायक प्रबन्धक | मन के.सि. | २०७६.०२.१५ |
| २६ | सहायक प्रबन्धक | उत्तम धिताल | २०७६.०२.२३ |
| २७ | सहायक प्रबन्धक | शान्ती प्रधान | २०७६.०३.०३ |
| २८ | कार्यालय सुपरिवेक्षक | चक्र बहादुर महर्जन | २०७६.०३.१५ |
| २९ | सहायक प्रबन्धक | सुरेश वहादुर श्रेष्ठ | २०७६.०३.१८ |
| ३० | सहायक प्रबन्धक | आर्यानन्द शाक्य | २०७६.०४.०९ |
| ३१ | सहायक प्रबन्धक | लिला नाथ कडेल | २०७६.०४.१५ |
| ३२ | सहायक प्रबन्धक | रोहिणी कोईराला | २०७६.०५.०८ |
| ३३ | सहायक प्रबन्धक | विष्णु प्रसाद ढुंगाना | २०७६.०५.१५ |
| ३४ | सहायक प्रबन्धक | रविन्द्र न्यौपाने | २०७६.०५.१५ |
| ३५ | उप प्रबन्धक | शिव लाल प्रधान | २०७६.०५.२२ |
| ३६ | सहायक प्रबन्धक | रवि कुमार अर्याल | २०७६.०५.२४ |

# राजिनामा दिने कर्मचारीहरु

| | | | |
|---|---|---|---|
| १ | प्रमुख सहायक | अम्विक घिमिरे | २०७५.०७.०४ |
| २ | प्रमुख सहायक | अर्जुन सुवेदी | २०७६.०७.०४ |
| ३ | शाखा अधिकृत | बसन्त प्रसाद न्यौपाने | २०७५.०७.०४ |
| ४ | बरिष्ठ शाखा अधिकृत | अनिल कुमार झा | २०७५.०७.०७ |
| ५ | प्रमुख सहायक | प्रकाश श्रेष्ठ | २०७५.१०.१६ |
| ६ | प्रमुख सहायक | जोदा सिह कठायत | २०७६.०३..०५ |
| ७ | प्रमुख सहायक | सावित्रा घिसिङ | २०७६.०३.०९ |
| ८ | प्रमुख सहायक | सुदिप श्रेष्ठ | २०७६.०४.०१ |

## एस.ई.ई उत्तीर्ण कर्मचारीका छोराछोरीको विवरण

**क) छात्रातर्फ**

| सि.नं. | पद | कर्मचारीको नामथर | छोरीको नामथर | जि.पि.ए |
|---|---|---|---|---|
| १ | सहायक प्रबन्धक | विनय कृष्ण डंगोल | दिक्षा डंगोल | ३.९० |
| २ | उप प्रबन्धक | सुधिर थापा | आयुष्मा थापा | ३.८५ |
| ३ | प्रबन्धक | राम प्रसाद लामिछाने | परीक्षा लामिछाने | ३.८० |
| ४ | सहायक प्रबन्धक | राजेन्द्र ढकाल | अनुष्का ढकाल | ३.४० |
| ५ | प्रमुख सहायक | बाबुराम गन्धर्व | मेलिना गन्धर्व | २.९० |

**ख) छात्रतर्फ**

| सि.नं. | पद | कर्मचारीको नामथर | छोराको नामथर | जि.पि.ए |
|---|---|---|---|---|
| १ | मुख्य प्रबन्धक | विजय कुमार श्रेष्ठ | सम्भव श्रेष्ठ | ३.८० |
| २ | सहायक प्रबन्धक | सितल बाबु खत्री | सरस खत्री | ३.८० |
| ३ | सहायक प्रबन्धक(कानून) | पबित्रा कुमारी थापा | आयुष बुढा | ३.८० |
| ४ | मुख्य प्रबन्धक | अर्जुन कुमार गौतम | दिवस गौतम | ३.७५ |
| ५ | उप प्रबन्धक (सि.ई) | राम प्रसाद राई | आदर्श राई | ३.७५ |
| ६ | सहायक प्रबन्धक | रोहिणी कोइराला | रसज्ञ कोइराला | ३.७० |
| ७ | सहायक प्रबन्धक | रमिता श्रेष्ठ | गौरव सागर श्रेष्ठ | ३.५० |
| ८ | सहायक प्रबन्धक | शरद राज अधिकारी | सक्षम अधिकारी | ३.३० |
| ९ | का.मु. वरिष्ठ प्रबन्धक | राकेस लाल श्रेष्ठ | यजुलाल श्रेष्ठ | ३.२५ |
| १० | सहायक प्रबन्धक | कविता शर्मा | श्रीजन महर्जन | ३.०५ |

# कर्मचारी सञ्चय कोष

## कोषका सञ्चयकर्ताको KYC(Know Your Contributors) फारम मार्फत व्यक्तिगत विवरण अद्यावधिक गर्ने सम्बन्धी सूचना

- कोषमा रकम जम्मा गर्ने सम्पूर्ण सञ्चयकर्ताको व्यक्तिगत विवरण तथा सम्वन्धित कार्यालयको विवरण KYC फारमको माध्यमबाट सङ्कलन गरी कोषको Data Base मा अद्यावधिक गर्ने कार्यक्रम रहेकाले सम्बन्धित सञ्चयकर्ताले KYC फाराम भरी व्यक्तिगत विवरण शुद्धीकरण गर्ने कोषको यस अभियानमा सहयोग पुऱ्याई दिनुहुन सम्पूर्ण सञ्चयकर्ता महानुभाव तथा सम्वन्धित कार्यालयलाई हार्दिक अपिल गर्दछौं।

- KYC फारामसम्बन्धी थप सूचना

१. फाराम उपलब्ध हुने स्थान :

कोषको वेवसाइट : www.epfnepal.com.np

कोषको कार्यालयहरू: सञ्चयकर्ता सेवा विभाग, ठमेल

शाखा कार्यालय: विराटनगर, जनकपुर हेटौंडा, पोखरा, वुटवल, कोहलपुर, सुर्खेत, र धनगढी

सेवाकेन्द्र: सिंहदरबार, पुल्चोक र धनकुटा

२. फाराम बुझाउने तरिका :

- कोषको कार्यालयमा नै आएर
- आफ्नो इमेल मार्फत जानकारी दिएर

३. फाराम भर्दा आवश्यक कागजातहरु :

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- कोषको परिचय पत्रको प्रतिलिपि,

- KYC फाराम अद्यावधिकबाट हुने फाइदाहरु :

१. सञ्चयकर्ताले मासिक रूपमा जम्मा गरेको रकम, कोषबाट लिएको सापटीको रकम र व्यक्तिगत खाताको शुद्धतामा अभिवृद्धि हुने,

२. सञ्चयकर्तालाई उपलब्ध गराइएका सेवा सुविधा तथा सञ्चयकर्ताको हितमा सञ्चालन गरिने विभिन्न योजना लगायतका सूचनाहरूको समयमा नै सूचना प्रविधिको माध्यमबाट सञ्चयकर्तालाई जानकारी गराउन सहज हुने,

२. कोषले हाल वितरण गर्दै आएको परिचयपत्रको विवरण अद्यावधिक हुनुका साथै व्यक्तिगत विवरणलाई निजको नागरिकता, पान नम्वर, राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्न सहज हुने,

३. सञ्चयकर्ताको अवकाश भुक्तानी र सोमा लाग्ने कर लगायतका सूचनाहरूको उपलब्धतामा सहजीकरण हुने,

४. कोषका सञ्चयकर्ताको Liability Ageing गरी समयमा नै भुक्तानीका लागि आवश्यक तयारी गर्न सहज हुने,

५. सञ्चयकर्ताको रकममा आधुनिक प्रविधिबाट सुरक्षा प्रदान गर्न सहज हुने,

सञ्चयकर्ता सेवा विभाग
कर्मचारी सञ्चयकोष
ठमेल, काठमाडौं, फोन नम्बर: ०१-४२२३३२०

# औषधोपचार तथा घातक रोगको बिमा योजनासम्बन्धी जानकारी

कर्मचारी सञ्चय कोषले सञ्चयकर्ताहरुको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत मिति २०७५ मार्ग १ गते देखि सञ्चयकर्ता औषधोपचारमा रू. १ लाख तथा घातक रोगको सम्बन्धमा रू. १० लाख सम्मको बिमा गर्ने गरी मिति २०७५/०७/२८ मा कर्मचारी सञ्चय कोष र राष्ट्रिय बिमा कम्पनी लि. बीच समझदारी पत्रमा हस्ताक्षार भएको छ। योजनाको स्वरुपको साराशं देहाय बमोजिम रहेको छः

## १. परिभाषाः

(क) "सञ्चयकर्ता" भन्नाले कोषमा नियमित रुपमा सञ्चय कोष कट्टि रकम जम्मा गर्ने प्राकृतिक ब्यक्तिलाई जनाउनेछ। यो शब्दले उमेर हद वा पदाबीधका कारण अवकाश भई सो मितिले ६ बर्ष सम्म कोषबाट रकम भूक्तानी नलिएका सञ्चयकर्ता समेतलाई जनाउनेछ। तर कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १२ख बमोजिम कोषमा आवद्ध भएका सञ्चयकर्ताको हकमा विरामी भएको बखत कम्तिमा छ महिना देखि नियमित सञ्चय कोष जम्मा भएको हुनुपर्नेछ।

(ख) "दुर्घटना" भन्नाले अस्वेच्छिक बाह्य वा दृष्य वा हिंसक कारणबाट आकस्मिक वा भवितब्य रुपमा भएको घटनाबाट शारिरिक क्षति वा हानी भएको अवस्थालाई जनाउनेछ। यस बिमालेख अन्तर्गत दुर्घटना पश्चात भएका औषधीका खर्चहरु समाबेश गरिनेछ।

(ग) "विरामी" भन्नाले दुर्घटना वा शारिरीक अस्वस्थताका कारणबाट अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्था सिर्जना भएका सञ्चयकर्तालाई जनाउनेछ। सो शव्दले बिमा सम्पुष्ठिमा समावेश भएका घातक रोगबाट ग्रसित सञ्चयकर्तालाई समेत जनाउनेछ।

(घ) "अस्पताल" भन्नाले विरामीको उपचारका लागि नेपाल सरकारबाट सञ्चालन अनुमति प्राप्त गरेका नेपाल भित्र सञ्चालित अस्पताल, नर्सिङ्ग होम, स्वास्थ्य केन्द्र वा यस्तै प्रकारका अन्य स्वास्थ्य सेवा प्रदायक संस्थालाई जनाउनेछ। यस शव्दले नेपालमा उपचार हुन नसक्ने भएका कारण सम्बन्धित चिकित्सकको सिफारिसमा उपचार गराईएको विदेशी अस्पताललाई समेत जनाउने छ।

(ङ) "अस्पताल भर्ना" भन्नाले विरामीले कम्तिमा २४ घण्टाको लागि अस्पताल भर्ना भई उपचार गरेको अवस्थालाई जनाउनेछ। तर, विशेष अवस्थामा सो शव्दले विरामी अस्पताल भर्ना भई २४ घण्टा अगावै डिस्चार्ज भएको अवस्थालाई समेत जनाउनेछ।

(च) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई नेपालको प्रचलित कानून बमोजिम औषधोपचार गर्न अनुमति प्राप्त ब्यक्ति जनाउनेछ।

(छ) "घातक रोग" भन्नाले नेपाल सरकारले तोकिदिएका र बिमालेखमा उल्लेख गरिएका रोगहरुलाई जनाउनेछ।

## २. सञ्चयकर्ताको संख्या तथा बिमा शुल्क :

(क) बिमा गर्ने प्रयोजनका लागि सञ्चयकर्ताको कुल संख्या ६ लाख हुनेछ।

(ख) सञ्चयकर्ताहरुको वार्षिक एक लाख रुपैयाँ सम्मको औषधोपचार र दश लाख रुपैया सम्मको घातक रोगको उपचारको बिमाको लागि बिमा शुल्क प्रति वर्ष, प्रति सञ्चयकर्ता रु.४२०/- का दरले जम्मा रु. २५ करोड २० लाख (मुल्य अभिबृद्धि करतथा टिकट शुल्क बाहेक) हुनेछ।

(ग) बिमा अवधि समाप्त भई बिमा नविकरण गर्दा अघिल्ला वर्षहरुमा दाबी भुक्तानी भएको रकम तथा थपघट भएको सञ्चयकर्ताको संख्या समेतको आधारमा बिमा नविकरण शुल्कमा पुनरावलोकन हुनेछ।

## ३. बिमा लेखको प्रारम्भ तथा अवधि :

(क) बिमा शुल्क वापतको रकम कोषबाट एकमुष्ठ भुक्तानी भएको मितिबाट प्रारम्भ हुने गरी यस समझदारी पत्रको प्रतिकुल नहुने गरी कम्पनीले एक वर्षका लागि बिमा लेख जारी गर्नेछ।

(ख) यो समझदारी पत्रको अवधी ३ बर्ष सम्म कोषले चाहेमा बिमा लेख नविकरण हुने छ।

## ४. बिमालेख अनुसारका सुविधाहरुः

४.१ विरामी सञ्चयकर्तालाई बिमा अवधिमा अधिकतम रु. १ लाखमा नबढ्ने गरी बिमालेख बमोजिम न्यूनतम रु. ३ हजार वा वास्ताविक खर्चको १५ प्रतिशत कट्टा गरी देहायको सुविधा प्राप्त हुनेछन् :

(क) एक बर्षमा (एकै पटकमा वा पटक पटक) रु.३०,००० मा नबढ्ने गरी Surgeon वा Anaesthetist को दस्तुर तथा Operation Theatre को शुल्क बापतको खर्च।

(ख) एक बर्षमा अधिकतम रु.२०,००० (वा एक पटकको उपचारमा रु.१०,००० सम्म) चिकित्सकको जाँच शुल्क, X-ray, Specialist Charges, Pathologist Fees वा चिकित्सकको सिफारिस बमोजिमको रोग निदान उपकरण शुल्क।

(ग) अस्पतालमा भर्ना भई बस्नुपरेमा प्रति दिन रु.२,००० मा नबढ्ने गरी एक बर्षमा रु. २५,००० सम्म।

(घ) चिकित्सकको सिफारिस अनुसार कुनै पनि सर्जिकल सामाग्री खरिद वा उपयोग गर्नु परेमा (दाँतको स्केलिंग तथा श्रवण उपकरणमा लागू नहुने गरी) एक बर्षमा जम्मा रु.८,००० मा नबढ्ने गरी भएका खर्च। यसमा रु.३,००० सम्मको कृतिम हात वा खुट्टा समेत समावेश गर्न सकिनेछ।

(ङ) एक पटकमा रु.५,००० मा नबढ्ने गरी अधिकतम रु.१५,००० सम्मको औषधि खरिद गर्दा भएको खर्च।

(च) बढीमा दुई पटकको लागि एक पटकमा रु.४,५०० सम्मको प्रसुती वा (Caesarian) सिजरियनको लागि भएको खर्च।

४.२ घातक रोगको औषधोपचारको लागि भएको वास्तविक खर्च वा रु. १० लाख मध्ये कम हुन आउने

४.३ दुर्घटना बाहेक प्रतिक्षा अवधि (Waiting Period) विमा लेख जारी भएको मितिले औषधोपचारको हकमा ३० दिन र घातक रोगको हकमा ९० दिन हुनेछ

४.४ विमालेख नविकरण गर्दा प्रतिक्षा अवधि (Waiting Period) लागू हुने छैन।

## ५. दाबी भूक्तानी प्रकृया :

(क) सञ्चयकर्ताले अस्पतालबाट डिस्चार्ज भएको ३५ दिन वा विरामी भएको ६० दिन भित्र कम्पनीलाई सोको जानकारी गराउनु पर्नेछ।

(ख) दाबीको लागि आवश्यक कागजपत्र सहित सञ्चयकर्ताले कम्पनी समक्ष अस्पतालबाट डिस्चार्ज भएको सामान्यतः ६ महिना भित्र पेश गरी सक्नु पर्नेछ। दाबीको लागि सम्वन्धित सञ्चयकर्ता योग्य भएको व्यहोरा समेत कोषबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

(ग) दाबी भुक्तानीको लागि आवश्यक सम्पूर्ण कागजात प्राप्त भएको मितिले देहायको समयभित्र कम्पनीले दाबी एकिन गरी भुक्तानी गर्नेछ।

(अ) रु. २५ हजार सम्मको दाबी रकमको भुक्तानी १५ दिन भित्र शाखा कार्यालय वा केन्द्रीय कार्यालय मार्फत,

(आ) रु. २५ हजार देखि रु. १ लाख सम्मको दाबी ३० दिन भित्र केन्द्रीय कार्यालय मार्फत,

(इ) घातक रोगको लागि ४५ दिन भित्र केन्द्रिय कार्यालय मार्फत।

(घ) कम्पनीले औषधोपचार तथा घातक रोग उपचारको बीमा दाबी भूक्तानी सम्बन्धी प्रकृयालाई व्यवस्थित तथा अधिकार सम्पन्न गराउनको लागि दाबी समिति (सेल) गठन गरी सोही समिति (सेल) मार्फत दाबी भुक्तानीको व्यवस्था गर्नेछ।

## ६. दाबीको लागि आवश्यक पर्ने कागजातहरुः

- तोकिएको ढाँचामा सञ्चयकर्ताको निवेदन,
- कम्पनीबाट उपलब्ध गराईएको दाबी फाराम पूर्णरुपमा भरी सो फाराममा अस्पतालको छाप, सम्बन्धित डाक्टरको दस्तखत र NMC Number सहितको छाप।
- चिकित्सकको सक्कलै Prescription र Discharge Slip तथा CARD –X को प्रतिलिपि।
- चिकित्सकको सक्कलै Prescription र Discharge Slip बमोजिमको क्रेता तथा विक्रेताको नाम र सहिछाप स्पष्ट भएको PAN No. उल्लेख भएका औषधि खरिदका सक्कल बिलहरु।
- Prescription र Discharge Slip तथा CARD –X बमोजिमका Lab Test तथा X-ray का सक्कल रिपोर्टहरु।
- सञ्चयकर्ताको नाम र परिचय पत्र नम्बर सहितको कोषको प्रमाणित पत्र।

## ७. बीमा लेखले नसमेट्ने अन्य पक्षहरु :

(क) दुर्घटनाबाट उपचार गर्नुपर्ने अवस्था सिर्जना भएको बाहेकको दाँतको उपचार वा अपरेशन, आँखाको सामान्य जाँच वा चस्मा खरिद, श्रवण उपकरण खरिद र Cosmetic Surgery,

(ख) दुई भन्दा वढी सिजरियन (Caesarian ),

(ग) मादक पदार्थ वा लागूपदार्थ सेवन तथा अनधिकृत तवरबाट अन्य औषधिको सेवनका कारण सिर्जित रोगहरु तथा चोटपटकको उपचार।

(घ) दुई मुलुक बीच भएको घोषित वा अघोषित लडाईं, आम हड्ताल, हुलदंगामा सहभागी भएको अवस्थामा भएको चोट पटक वा उपचार खर्च।

(ङ) बीमालेखमा उल्लेख भएका सीमा बाहेकका अन्य खर्चहरु।

(च) बीमालेख प्रारम्भ हुनुभन्दा अगाडि लागेका रोगहरुको उपचारको क्रममा भए गरेका खर्चहरु र बीमालेख जारी भई प्रतिक्षा समय सीमा भित्र भएका खर्चहरु।

(छ) आयुर्वेदिक औषधिका खर्च तथा उपचार उपकरणहरुको प्रयोग। तर जण्डिसको उपचारको लागि यो खण्ड लागू हुने छैन।

(ज) देशको सीमा भन्दा बाहिर गरेका उपचार तथा खर्चहरु। तर, नेपाल भित्र उपचार सम्भव नभएको खण्डमा चिकित्सकको सिफारिश बमोजिमको खर्च बीमालेखको सीमाको अधिनमा रहि भुक्तानी गरिनेछ।

(झ) साधारण मेडिकल अन्तर्गत पुनः बल्झिन सक्ने रोगहरुको सम्बन्धमा पुनः उपचार गराउँदा भएको औषधि खरिदका खर्च।

(ञ) मानसिक रोग, तौल घटाउन वा वढाउन प्रयोग हुने औषधि, सौन्दर्य बढाउन गरिने उपचार, प्लाष्टिक सर्जरी आदि।

(ट) चिकित्सकले आफ्नो व्यक्तिगत ल्याव वा क्लिनिकमा गरेका सर्जरी।

(ठ) साधारण मेडिकल चेकअप।

(ड) छाला सम्बन्धी एलर्जी, साबुनको प्रयोग, लोशन आदिको प्रयोग

## ८. बिमा योजनाको विस्तार तथा परिमार्जन :

भविष्यमा सञ्चयकर्ताको परिवार तथा अवकाश प्राप्त सञ्चयकर्तालाई समेत समावेश गरी सम्वन्धित व्यक्तिले आवश्यक बिमाशुल्क तिर्ने गरी बिमा गर्न चाहेमा आवश्यक व्यवस्था गर्न सकिनेछ।

# सुरक्षित भविष्यको लागि सञ्चय कोष

कर्मचारी सञ्चयकोष स्थापनाको ५८ औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ताको सन्तुष्टिप्रति सदैव प्रतिवद्ध रहने संकल्प सहित कोषका सेवा र सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रण गर्दै देहायका संक्षिप्त झलक सगौरव प्रस्तुत गर्दछौं ।

१. **सञ्चयकर्ता संख्या : ६ लाख**

२. **कोषकट्टी गरी पठाउने कार्यालय संख्या : २६ हजार**

३. **कोषका कार्यालयहरु :**

**केन्द्रीय कार्यालय** : पुल्चोक, ललितपुर
**ठमेल कार्यालय** : सञ्चयकर्ता सेवा सम्बन्धी सम्पूर्ण कारोवार हुने मुख्य कार्यालय
**शाखा कार्यालयहरु** : विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
**सेवा केन्द्रहरु** : धनकुटा, सिंहदरबार र पुल्चोक

४. **वि.सं. २०७६ असाढ मसान्तको वित्तीय अवस्था (लेखापरीक्षण हुन बाँकी)**

**सञ्चय कोष मौज्दात** : रु. ३ खर्व ९ अर्व ८५ करोड
**जगेडा कोष** : रु. ३१ अर्व ४५ करोड
**अन्य दायित्व तथा व्यवस्था** : रु. ४ अर्व ३९ करोड
**कुल श्रोत** : रु. ३ खर्व ४५ अर्व ६९ करोड
**कुल लगानी** : रु. ३ खर्व ३८ अर्व ६ करोड

५. **सञ्चयकर्तालाई उपलब्ध सेवाहरु:**

५.१ सञ्चित रकममा व्याज प्रदान: व्याजदर ८.२५ प्रतिशत

५.२ मुनाफा प्रदान: आर्थिक वर्ष २०७४/७५ को खुद मुनाफाबाट सञ्चय कोष शुरु मौज्दातको आधारमा १.१० प्रतिशतले मुनाफा बाँडफाँड गरिएको ।

**५.३ सापटी सुविधाहरु :**

**विशेष सापटी:** सञ्चयकोष मौज्दातको ८० प्रतिशतसम्म, वार्षिक व्याजदर ९.५ प्रतिशत ।

**घर सापटी:** घर निर्माण गर्न वा घर खरिद गर्न घर/जग्गाको धितोमा अधिकतम १५ वर्षको तलबमा नवढ्ने गरी रु. १ करोड सम्म । वार्षिक व्याजदर ९.७५ प्रतिशत रु. चालीस लाख रुपैयाँ सम्मको कर्जामा र १० प्रतिशत रु. चालीस लाख रुपैयाँ भन्दा माथिको कर्जामा ।

**शैक्षिक ऋण:** घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको पति/पत्नि/छोरा/छोरीले स्वदेश वा विदेशमा उच्च शिक्षा हासिल गर्नका लागि अधिकतम रु. २५ लाखसम्म । वार्षिक व्याजदर ९.७५ प्रतिशत ।

सञ्चयकर्ता सरलचक्र कर्जा: घर तथा जग्गाको धितोमा १० वर्षको तलवमा नबढ्ने गरी रु. ३० लाख सम्म । बार्षिक व्याजदर १०.२५ प्रतिशत ।

**घर मर्मत सापटी:** घर मर्मत गर्न घरजग्गाको धितोमा अधिकतम ५ वर्षको तलबमा नबढ्ने गरी रु. २५ लाख रुपैयासम्म । वार्षिक व्याजदर ९.७५ प्रतिशत ।

**५.४ सामाजिक सुरक्षा कार्यक्रमहरु:**

**दुर्घटना क्षतिपूर्ति योजना:** सञ्चयकर्ताको सेवाकालमा दुर्घटनामा परी मृत्यु वा पूर्ण अङ्गभङ्ग भएमा रु. २ लाखसम्म ।

**काजक्रिया अनुदान खर्च:** सञ्चयकर्ताको सेवाकालमा मृत्यु भएमा हकवालालाई एकमुष्ट रु. ४० हजार ।

**सुत्केरी तथा शिशु हेरचाह योजना:** प्रति प्रसुति रु. ७ हजार ५ सयका दरले २ पटक सम्म ।

**सञ्चयकर्ता औषधोपचार तथा घातक रोग बिमा योजना:** सञ्चयकर्ताको अस्पताल भर्ना भई गरेको सामान्य औषधोपचारको हकमा रु. १ लाख तथा घातक रोगको हकमा रु. १० लाखसम्मको खर्च सोधभर्ना ।

६. **कोषको प्रतिवद्धता र भावी योजना:**

- कर्मचारी सञ्चयकोष ऐन, २०१९ को प्रावधान एवम् एकीकृत सामाजिक सुरक्षण प्रणालीको अवधारणा बमोजिम कोषको कार्यक्षेत्र विस्तार गरी कोषलाई सामाजिक सुरक्षाको अग्रणी संस्थाको रुपमा विकास गर्ने ।
- सरकारी एवम् सार्वजनिक क्षेत्रको सञ्चय कोष, निवृत्तभरण कोष लगायत सबै प्रकारको सामाजिक सुरक्षाको व्यवस्थापन गर्न सम्पूर्ण गतिविधि केन्द्रित गर्ने ।
- साविकका उद्देश्य तथा रणनीतिमा पुनरावलोकन गरेर सामाजिक सुरक्षाको दायरा बिस्तार, वित्तीय स्रोतको दिगो र प्रभावकारी व्यवस्थापन, सेवा प्रवाहमा गुणात्मक सुधार, कोषको संस्थागत सुदृढीकरण र क्षमता विकास तथा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगलाई कोषको प्रमुख रणनीतिक कार्यक्षेत्रको रुपमा अघि बढाउने ।
- सञ्चयकर्ताको सेवा सुविधाहरुको पुनरावलोकन तथा बिस्तार गरी दिगो सेवा सुविधा प्रदान गर्ने ।
- कोषको दीर्घकालीन वित्तीय स्रोतको दिगो व्यवस्थापनका लागि उर्जा, आवास तथा पूर्वाधार विकासका क्षेत्रको लगानीलाई प्राथमिकता दिई राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने ।
- प्रतिफल, सुरक्षा र नगद प्रवाह सुनिश्चित भएका पूर्वाधार विकासका आयोजनाहरुमा लगानीका लागि नेपाल सरकार लगायत प्रदेश सरकार, स्थानीय तह र अन्य संस्थागत लगानीकर्ताहरु एवम् बैंक तथा वित्तीय संस्थाहरुसँग साझेदारी र सहकार्य गर्ने ।
- सूचना तथा सञ्चार प्रणालीको प्रभावकारी उपयोग, कार्यप्रकृयाको सरलीकरण एवम् अन्य सरोकारवाला निकायहरुसँग साझेदारी र सहकार्यको आधारमा सञ्चयकर्तालाई प्रविधिमैत्री एवम् गुणात्मक सेवा प्रदान गर्ने ।
- कार्य सम्पादन व्यवस्थापन (Performance Management) लगायत मानव संशाधन व्यवस्थापनका आधुनिक अवधारणा र असल अभ्यासहरुको अनुसरण गर्दै कोषको मानव संशाधन व्यवस्थापन तथा विकास नीतिमा सुधार गर्ने ।

**सम्पादन तथा प्रकाशन:** योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर
**Website:** www.epfnepal.com.np
**Email :** planning@epfnepal.com.np

**Design & Print:** Sopan Press Pvt.Ltd., 01-4442206, sopanpress2@gmail.com